# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १७८ | काठमाडौं | बुधबार, १ कात्तिक २०८० | Prabhab National Daily | Wednesday, October 18, 2023 | www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रू. ५।–


# कोशी प्रकरणपछि एमालेसँग नजिकिँदै माओवादी

- कोशीमाभैं केन्द्रमा पनि एमाले–कांग्रेस गठबन्धन हुनसक्ने भन्दै माओवादी नेताहरु सशंकित
- देउवाले कोशीमा खेलेको खेल केन्द्रमा पनि खेले एमालेसँग फेरि मिल्नुको विकल्प नरहेको माओवादीका नेताहरूको बुझाइ
- माओवादीका दोस्रो तहका नेताहरूले एमालेका दोस्रो तहका नेताहरूसँगै अनौपचारिक भेट तथा कुराकानी बढाउँदै



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कोशीमा गठबन्धनमाथि घात गरेको आशंकामा सत्ताको नेतृत्व गरिरहेको दल नेकपा माओवादी केन्द्र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग नजिकिन थालेको छ । माओवादीको नजरमा नेपाली कांग्रेसले कोशी प्रदेशमा धोका दिएको बुझाइ छ ।

गत पुस १० मा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्न ठीक्क परेको बेला एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नो निवास डाकेर प्रधानमन्त्रीमा माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई मौका दिएका थिए । ओलीको यो चतुर्‍याइँले जिल्ल परेका देउवाले विस्तारै दाहाल नेतृत्वको सरकारबाट एमालेलाई 'आउट' गरेका थिए । देउवा र दाहाल मिलेर छ प्रदेशको सरकारबाट एमालेलाई हटाए पनि कोशीमा भने सांसद संख्याका कारण केन्द्रीय नेतृत्वले चाहेजस्तो भइरहेको छैन ।

गठबन्धनबाट कांग्रेसका उद्धव थापा दुईपटक मुख्यमन्त्री बने उनी दुवैपटक सर्वोच्च अदालतबाट अपदस्त भए । त्यसपछि गठबन्धनमा नयाँ उम्मेदवारको खोजी भयो मुख्यमन्त्रीका लागि । माओवादीले थापा पहिलोपटक मुख्यमन्त्री बन्दा नै नेतृत्वमा दाबी गरेको थियो । त्यसैले संसदीय दलका नेता इन्द्र आङ्बोको नाममा सहमति जनाए शुक्रबार ।

यो सहमतिलाई कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले असहमति जनाए र विद्रोहमा उत्रिए । एमालेमा ओली कांग्रेसलाई जसरी पनि असफल बनाउने दाउमा थिए । यहीबेला ओलीले आठ सांसद लिएर आउने सांसदलाई आफ्नो दलले सघाउने सन्देश शेखरलाई पठाए । लगत्तै शेखरले आफूनिकट नेता केदार कार्कीको नेतृत्वमा आठ जना सांसद जुटाए । एमालेले सहमतिअनुसार सनाखत गर्न पुगेपछि कांग्रेसका कार्की शनिबार कोशीको पाँचौ मुख्यमन्त्री बनिसकेका छन् ।

उनको नियुक्तिलाई कतिपयले देउवाकै खेल भनी चर्चा गरेपछि माओवादी सशंकित बनेको हो । देउवाले कांग्रेसले नै नेतृत्व पाउनुपर्ने कोशी माओवादीले मागेपछि शेखरमार्फत कार्कीलाई उम्मेदवार बनाएको कांग्रेसकै नेताहरू बताउँछन् । कोशी सरकार निर्माणमा मुख्य भूमिका निभाउँदै आएको कृष्ण सिटौलाको मौनताले यो पुष्टि हुने कांग्रेस नेताहरू बताउँछन् । बालुवाटारमा शनिबार नै प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति देउवा र डा. कोइरालाबीच भएको चिर्कटो सहमतिले पनि यसलाई पुष्टि गर्ने नेताहरूको दाबी छ ।

(बाँकी पृष्ठ २ मा)

# दसैंको मुखमा विदेसिनेको पीडा



आफ्नो सन्तानलाई चाडबाडको बेला टाढा पठाउन लाग्दा कुन आमाको मन खुसी होला र ?
**सुमित्रा परियारकी आमा**



छोरालाई विदाइ गर्न आएको । नरमाइलो लागेको छ । के गर्नु ! आफ्नै देशमा सरकारले रोजगारी दिए विदेश पठाउनुपर्ने थिएन ।
**सुनिल विककी आमा**



■ **जेबी योञ्जन**

**काठमाडौं–** घाँटीमा रातो खादा । निधारमा रातै टीका । जापान यात्रा शुभ रहोस् भनेर गोरखाकी सुमित्रा परियारलाई आमा र सानीमाले मंगलबार लगाइदिएका हुन् । त्यसक्रममा सुमित्राले आमा र सानिमाबाट आशीर्वाद पनि पाइन् ।

देशमा दसैंको चहलपहल सुरु भइसक्दा सुमित्रा जापान उडान समयको प्रतीक्षा गर्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन नजिकको विश्रामस्थलमा थिइन् । आमा र सानीमाको बीचमा बसेकी उनले फचाट्ट भनिन्, 'देशमा पढेर पनि काम पाइँदैन । बरु, जापानमै पढ्दै काम गर्छु ।'

उनको भनाइले 'स्टुडेन्ट भिसा'मा जापान जान लागेको अनुमान गर्न असहज छैन । तर, छोरी सुमित्राको उडान समय घण्टा हुँदै मिनेटतिर झर्दै गर्दा आमाको अनुहारमा अँध्यारो बढ्दै थियो । घरिघरी गला अवरुद्ध हुन्थ्यो । उनले भनिन्, 'आफ्नो सन्तानलाई चाडबाडको बेला टाढा पठाउन लाग्दा कुन आमाको मन खुसी होला र ?' यति भनेर उनी डाँको छाडेर रोइन् । सुमित्राले आमालाई अर्को वर्ष दसैंमा आइहाल्छ आमा भन्दै सम्हाल्ने प्रयास गरिन् । तर, आमाको आँखाबाट आँसुका थोपाहरू झरिरहे ।

उनीहरूको पछाडिपट्टि रहेको भित्तामा अंग्रेजीमा 'त्रिभुवन इन्टरनेसनल एयरपोर्ट' लेखिएको छ । त्यहाँ मोरङका सुनिल विक पनि खादा लगाएर आमा र फूपूसँग सेल्फी खिच्दै गरेको देखिए । देश छाड्नुभन्दा पहिले यस ठाउँमा अधिकांशले तस्बिर खिचाउँछन् । सुनिलले पनि त्यही गरे । उनी संयुक्त अरब इमिरेट्स (युएई) जान लागेका रहेछन् । उनलाई पनि आमा हेमाले खादा पहिर्‍याइदिएकी थिइन् ।

'बिहे गरियो । अब त गरिखानुपर्‍यो । आमाबाउ पाल्नुपर्‍यो । देशमा त रोजगारी नै छैन,' उनले प्रभावसँग भने, 'तनाव छ । हेरौं के हुन्छ ।' सुनिलको यस्तो कुरा सुनेर आमा हेमा भावुक भइन् । उनले सरकारले पाखुरीमा बल भएका युवायुवतीलाई रोजगारी दिए आफ्ना छोरा पनि विदेश नपर्ने बताइन् ।

'छोरालाई विदाइ गर्न आएको । नरमाइलो लागेको छ,' आँसु पुछ्दै हेमाले भनिन्, 'के गर्नु ! आफ्नै देशमा सरकारले रोजगारी दिए विदेश पठाउनुपर्ने थिएन ।'

आज दसैंको चौथो दिन । अबको छैटौं दिनमा मान्यजनबाट आशीर्वाद लिने र आफन्तहरू भेटघाट गरेर मिठोमसिनो खाने चलन छ । तर, दसैंअघि नै सुमित्रा, सुनिललगायत सयौं युवायुवती रोजगारीकै लागि जन्मी हुर्केको देश छाड्न बाध्य हुनुपरेको छ ।


वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार त्रिभुवन विमानस्थल हुँदै दैनिक विदेसिनेहरूको संख्या औसतमा दुई हजार जना छ । विदेसिनेमध्ये धेरै श्रमशक्तिका रूपमा जाने हुन् ।

(बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## रेमिट्यान्स २२ प्रतिशतले बढ्यो

# दुई महिनामा दुई खर्ब २८ अर्बभन्दा भित्रियो




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको दुई महिनामा नेपालमा भित्रिने विप्रेषण (रेमिटचान्स) २२.१ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनले विप्रेषण आप्रवाह बढेको देखाएको हो ।

प्रतिवेदनअनुसार गएको साउन र भदौ महिनामा दुई खर्ब २८ अर्ब ३७ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ । यो रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा २२.१ प्रतिशतले बढी हो । अघिल्लो वर्षको सोही अवधिमा यस्तो रकम १९.८ प्रतिशतले बढेको थियो ।

राष्ट्र बैंकको प्रतिवेदनमा उल्लिखित यो रकम विदेशबाट वैधानिक रूपमा बैंकिङ प्रणालीमार्फत भित्रिएको हो । रेमिटचान्स कम्पनीमार्फत भित्रिने रकमलाई मात्र राष्ट्र बैंकले प्रतिवेदनमा समेट्ने गरेको छ । यसबाहेक हुण्डीलगायत अवैधानिक च्यानलमार्फत पनि रकम भित्रिने गरेको छ, जसको हिसाब यहाँ समावेश गरिँदैन । किनभने हुण्डीलाई राष्ट्र बैंकले गैरकानुनी कारोबारको रूपमा परिभाषित गरेको छ र त्यस्तो माध्यमबाट पैसा नपठाउन विदेशमा रहेका नेपालीहरूलाई आग्रह गर्दै आएको छ । यद्यपि, हुण्डीलगायत अवैधानिक च्यानलबाट हुने कारोबार अझै रोकिएको छैन । यसले सरकारलाई आउने राजस्व गुम्नुका साथै ठगीको जोखिमसमेत उच्च हुने गर्दछ ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार चालु आवको पहिलो महिना साउनमा एक खर्ब १६ अर्ब दुई करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो । दोस्रो महिना अर्थात् भदौमा एक खर्ब १२ अर्ब ३५ करोड रूपैयाँ भित्रिएको छ ।

(बाँकी पृष्ठ २ मा)







## कोशी प्रकरणपछि...

पृष्ठ १ बाट जारी

उक्त दिन कोशी सरकारमा एमालेलाई सहभागी नगराउने सहमति भए पनि कांग्रेसले त्यो पालना नगरेकोमा सोमबार नै धनगढी पुगेर प्रधानमन्त्री दाहालले असन्तुष्टि जनाइसकेका छन् । 'हामीले कांग्रेसका एकजना मात्रै मन्त्री बनाउनु भनेका थियौं । तर, एमालेका पनि मन्त्री छिराइहालेछन्,' दाहालले सोमबार भनेका थिए । माओवादीले कतिपय निर्णयमा सत्ता साझेदार प्रमुख दल कांग्रेससँग सल्लाह नै नलिने भन्दै सरकारमै सहभागी मन्त्रीहरूले असन्तुष्टि पोख्न थालेका छन् । यसले पनि कतिपयले एमाले-कांग्रेस सत्ता गठबन्धन हुन सक्ने चर्चा चलाएका थिए । कोशी घटनाले यो चर्चामा थप मलजल पुगेको र माओवादी थप सशंकित भएको बताइन्छ ।

बधाई र धन्यवादसहित दसैंको शुभकामना,' सुवेदीले व्यंग्य गर्दै सामाजिक सञ्जाल एक्स (ट्विटर)मा लेखेका छन् ।

केदार कार्की मुख्यमन्त्रीमा नियुक्त भएपछि नेपाली कांग्रेसका सभापति देउवा र नेता शेखरसँग यही गठबन्धनलाई टिकाउने, सरकारलाई निरन्तरता दिने सहमति गर्नुपरेको थियो । प्रधानमन्त्री दाहालले आफ्नो पद जोगाउन चिर्कटोमा हस्ताक्षर गरेको माओवादी नेताहरूको आरोप छ । महासचिव देव गुरुङ, जनार्दन शर्मालगायतले यस सहमतिमा असन्तुष्टि पोखेका छन् । यो बीचमा कांग्रेसले केन्द्रमा धोका दिन खोजे एमालेसँग मिल्नुको विकल्प नरहेको भन्दै माओवादीका दोस्रो तहका नेताहरूले एमाले नेताहरूलाई अनौपचारिक भेट तथा कुराकानी बढाएका हुन् ।

### बढ्यो एमाले–माओवादी हिमचिम

कोशीमा कांग्रेसले झड्का दिएपछि माओवादी नेताहरूले एमालेसँग अनौपचारिक कुराकानी थालेका छन् । माओवादीबाट सेकेन्ड लाइनमा रहेको नेता वर्षमान पुनले हालै एमाले उपाध्यक्ष विष्णु पौडेलसँग भेटेका छन् । माओवादीले आफ्ना नेता कार्यकर्तालाई पछिल्ला दिनमा एमाले नेता कार्यकर्तालाई गालीगलौज नगर्न आग्रह गरेको बताइएको छ । देउवाले कोशीमा खेलेको खेल केन्द्रमा पनि खेले एमालेसँग फेरि मिल्नुको विकल्प नरहेको माओवादीका नेताहरूको बुझाइ छ ।

गठबन्धनलाई जसरी पनि भत्काउने प्रयासमा एमाले अध्यक्ष केपी शर्मा ओली पहिलेबाटै लागेका हुन् । कांग्रेसका शेखर पक्षलाई प्रयोग गरेर गठबन्धन फुटाउन लागेका ओली कोशीमा सफल भए पनि अन्ततः काग्रेसले अपनत्व लिएको छ । यो घटनाले ओली कांग्रेस नेता शेखरसँग आक्रोशित भएको एमाले नेताहरू बताउँछन् । राजनीतिक विश्लेषक झलक सुवेदी कोशीमा शेखरले कच्चा खेल खेलेको बताउँछन् । 'कमरेड शेखर कोइरालालाई दल विभाजनको प्रयासलाई मूर्तरूप दिन लाग्नुभएकोमा

### राप्रपाबाहेकले पक्षमा मत दिने

आइतबारमात्र मुख्यमन्त्रीमा शपथ लिएका कार्कीले आजै विश्वासको मत जाँच्दै छन् । ९३ सदस्यीय कोशी प्रदेशसभा राप्रपाबाहेक सबै दलले मुख्यमन्त्रीलाई विश्वासको मतको पक्षमा मत दिने तयारी गरेका छन् ।

कार्कीको विरोधमा उभिएको नेपाली कांग्रेस संस्थापन पक्षलेसमेत उनलाई विश्वासको मत दिने भएको छ । 'कांग्रेसले मुख्यमन्त्रीको पक्षमा मत हाल्ने पक्कापक्की भएको छ,' कोशी कांग्रेसका सांसद भूपेन्द्र राईले भने । कोशीमा कांग्रेसका २९ सांसद छन् । त्यसैगरी मुख्यमन्त्री गुमाएको माओवादीले पनि कार्कीलाई मत दिने तयारी गरेको छ । १३ सांसद रहेको माओवादीसँगै एकीकृत समाजवादीका चार र जनता समाजवादी पार्टी (जसपा)को एक सांसदले पनि पक्षमा मत दिने बताइएको छ । एमालेका ३९ सांसदले पनि मत दिए कार्कीले उपसभामुखबाहेक ८६ मत पाउने देखिन्छ । एमालेले पाँच मन्त्री पाउनुपर्ने लबिइङ मंगलबारबाट थालिसकेको छ । यता केन्द्रीय गठबन्धनले भने विश्वासको मत दिएर एमालेलाई सरकारबाट बाहिर निकाल्ने तयारी गरेको गठबन्धनका एक नेताले बताए ।

## दुई महिनामा ...

पृष्ठ १ बाट जारी

जसअनुसार साउनको तुलनामा भदौमा करिब चार अर्ब रूपैयाँले रेमिटचान्स घटेको छ । समीक्षा अवधिमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा पनि कमी आएको छ । वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या २८.३ प्रतिशतले घट्न गई ७४ हजार ४५५ जनामा सीमित भएको तथ्यांकमा देखाइएको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा १८.३ प्रतिशतले कमी आई ३२ हजार चार जना कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७०.६ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरतर्फ विप्रेषण आप्रवाह १७.७ प्रतिशतले बढेको छ । यस अवधिमा एक अर्ब ७३ करोड अमेरिकी डलर भित्रिएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ११.३ प्रतिशतले बढेको थियो । केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद ट्रान्सफर २१.९ प्रतिशतले वृद्धि भई दुई खर्ब ५१ अर्ब ६१ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १९.५ प्रतिशतले बढेको थियो ।

मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको विभिन्न अध्ययनले देखाएको छ । विप्रेषणकै कारण विदेशी मुद्रा सञ्चितीसमेत बढेको राष्ट्र बैंकले जनाएको छ । मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । यसरी विदेशिने श्रमिकहरूले पठाउने रेमिटचान्सले नै मुलुकको अर्थतन्त्र धानिरहेको छ ।

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दार्मा गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
निमबहादुर के.सी. — अध्यक्ष | रेशम ओली — प्रमुख प्रशासकीय अधिकृत | जुना मल्ल चन्द — उपाध्यक्ष
दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, दार्मा, सल्यान, कर्णाली प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गुल्मी गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
सरोज कुमार थापा — अध्यक्ष | राजिव पन्थी — प्रमुख प्रशासकीय अधिकृत | तारा थापा ढेंगा — उपाध्यक्ष
गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौडाकोट, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Pigeon International Overseas Pvt. Ltd
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शुद्धोधन गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
विष्णु प्रसाद बस्याल — अध्यक्ष | लेखनाथ पोखरेल — प्रमुख प्रशासकीय अधिकृत | शान्तादेवी ज्ञवाली — उपाध्यक्ष
शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal, Kathmandu-9,
Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शुद्धोधन गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
कमलेश शरण चौधरी — अध्यक्ष | कृष्णप्रसाद ज्ञवाली — प्रमुख प्रशासकीय अधिकृत | होमप्रकाश चौधरी (कुर्मी) — उपाध्यक्ष
शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9,
Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भिमफेदी गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
हिदम लामा — अध्यक्ष | भिमलाल महर्जन — प्रमुख प्रशासकीय अधिकृत | सन्जिव श्रेष्ठ — उपाध्यक्ष
भिमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर, बागमती, नेपाल

# इजरायलबाट थप १९ जना नेपालीको उद्धार

**काठमाडौं (प्रस)–** प्यालेस्टिनी लडाकु समूह हमासले इजरायलमा आक्रमण गरेपछि जोखिममा परेका थप १९ जना नेपालीलाई सरकारले उद्धार गरेको छ । सरकारले भारतीय विमानमार्फत इजरायलमा रहेका नेपालीको उद्धार गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले मंगलबार इजरायलको तेल अभिभबाट भारतको उद्धार विमानमार्फत १९ नेपालीको उद्धार गरिएको जानकारी दिए । मन्त्रालयले स्थानीय समयअनुसार तेल अभिभबाट बिहान ९ बजे स्पाइस जेटमार्फत १९ नेपाली नागरिक आउने जनाएको छ । मन्त्री साउदले स्वदेश आउन लागेका नेपालीलाई दिल्लीस्थित दूतावासले सवारीसाधनको व्यवस्था गरेर नेपाल पठाउने पनि जानकारी दिए ।

नयाँदिल्लीस्थित दूतावासले इजरायलबाट उद्धार गरिएका नेपालीलाई भारतको गौरीफन्टा नाका भएर कैलाली भित्र्याइने छ । कैलालीबाट जिल्ला प्रशासन कार्यालयले उनीहरूलाई सम्बन्धित स्थानमा पुर्‍याउने तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

# चिकित्सा र सिटिइभिटीसम्बन्धी उपसमितिको म्याद थपियो

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले चिकित्सा शिक्षा तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को सम्बन्धन, विद्यार्थी भर्ना र गुणस्तरका सम्बन्धमा गठित उपसमितिको कार्यावधि आगामी कात्तिक २० गतेसम्मका लागि थप गरेको छ ।

उपसमितिका संयोजक देवेन्द्र पौडेलको आग्रहमा समितिका सभापति भानुभक्त जोशीले समय थप्न मंगलबारको बैठकमा राखेको प्रस्ताव सर्वसम्मतिले पारित भएको हो । गत भदौ २५ गते गठित उपसमितिको हालसम्म दुई बैठक भएका छन् । यही असोज १४ गतेको पछिल्लो बैठकले तोकिएको कार्यक्षेत्रमा तथ्य र स्रोत सामग्रीसहित विस्तृत अध्ययन तथा सरोकार भएका निकायका पदाधिकारीसँग छलफल गर्ने निर्णय गरेको थियो ।

चिकित्सा शिक्षा आयोग र सिटिइभिटीबीच चिकित्सा शिक्षा ऐनको व्याख्या र कार्यढाँचाबारे विवाद उत्पन्न भएको विषयमा पनि उपसमितिले सुझाव दिनेछ । समितिको मंगलबारको बैठकमा सभापति जोशीले विद्यालय शिक्षा विधेयकलगायत महत्त्वपूर्ण चार विधेयकमाथि समितिले दफावार छलफल गर्नुपर्ने भएकाले दसैं बिदाका अवसरमा अध्ययन गर्न सांसदलाई आग्रह गरे ।

उनले समितिको वार्षिक कार्ययोजना र विषय (मन्त्रालयगत) उपसमिति गठनबारे आगामी बैठकमा छलफल गर्ने पनि जनाए । बैठकले एमबिबिएस अध्ययनरत एवं आन्दोलनरत विद्यार्थीको मौका परीक्षा र शुल्क फिर्तासम्बन्धी विषयमा सरोकार भएकासँग छलफल गर्ने र सो सम्बन्धमा सदस्य सुमना श्रेष्ठको संयोजकत्वमा विद्या भट्टराई र ज्ञानु बस्नेत सुवेदीलाई उक्त मागको औचित्य अध्ययन गर्ने जिम्मेवारी दिएको छ ।

बैठकमा सांसद श्रेष्ठले समय तालिकासहित कार्ययोजना बनाउन सुझाव दिइन् भने सांसद भट्टराईले चिकित्सा शिक्षाका लागि शुल्क तिरेर पनि परीक्षा दिन नपाएका विद्यार्थीबाट समितिमा आएका उजुरीमाथि छलफल गरी न्याय दिनुपर्नेमा जोड दिइन् । सांसद डा. तोसिमा कार्कीले चिकित्सकमाथि हातपात हुने अवस्था अन्त्यका लागि दीर्घकालीन र नीतिगत काम गर्नुपर्नेमा जोड दिइन् । बैठकले बझाङमा हालै गएको भूकम्पबाट प्रभावित शिक्षा र स्वास्थ्य क्षेत्रमा क्षतिपूर्ति र पुनर्निर्माणका लागि सरकारलाई निर्देशन दिने निर्णय पनि गरेको छ ।

बैठकमा संघीय संसद् सचिवालयबाट कार्यक्रम तथा अनुगमनका लागि प्राप्त वार्षिक कार्यक्रम र विनियोजित रकमबारे समितिका सचिव निर्मलादेवी लामिछाने (वस्तीले) जानकारी गराएकी थिइन् ।

## दसैंको मुखमा...

पृष्ठ १ बाट जारी

उसो त गत वर्षको मंसिरमा चुनाव हुनुअघि दलहरूले घोषणापत्रमा रोजगारी योजना सार्वजनिक गरेका थिए । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल अध्यक्ष रहेको नेकपा माओवादी केन्द्रले पाँच वर्षमा २० लाख नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धता जनाएको थियो ।

सत्तामै रहेको दल नेपाली कांग्रेसले १२ लाख ५० हजार जनालाई र प्रमुख विपक्षी दल नेकपा एमालेले पाँच लाख नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धतापत्रमा उल्लेख गरेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले उपनिर्वाचनबाट निर्वाचित भएको १०० औं दिनमा विदेशबाट १०० नेपालीलाई स्वदेश फर्काएर रोजगारी दिने जनाएका थिए । राप्रपालगायत अन्य दलहरूले पनि पाँच वर्षे रोजगारी योजना अघि सारेका थिए । तर, यी सबै रोजगारीसम्बन्धी प्रतिबद्धता पूरा गर्न कोही पनि तयार भएका छैनन् ।

मंगलबार नै मलेसिया उडान हुनुअघि मुगुका पूर्णबहादुर रावलले दलहरूले रोजगारीसम्बन्धी योजनालाई चुनाव सकिएसँगै बिर्सेको बताउँछन् । उनलाई देशमा रोजगारी सिर्जना होला भन्ने विश्वास पनि छैन । 'यो देश हामीजस्ता युवायुवतीहरू बस्नलाई योग्य छैन । न रोजगारी छ, न केही ? किन बस्ने यहाँ ?,' रावलले भने, 'यहाँ त भ्रष्टाचारी, दलाल, ठग, तस्कर र बिचौलियामात्रै बस्ने हुन् ।'

नेपालको राष्ट्रिय जनगणना–२०७८ ले सार्वजनिक एक तथ्यअनुसार नेपालको ग्रामीण भेगमा धेरै बूढापाका र बालबालिकाहरू छन् । युवायुवतीहरूको संख्या कम छ । कतै त युवाहरू नहुँदा शव बोक्ने र सद्गद् गराउने पनि महिलाहरू हुनुपरेको छ । यसो हुनुमा युवायुवती देश छाडेर विदेश जानु भएको विश्लेषकहरू बताउँछन् । देशमा यस्तो विषम् परिस्थितिमा पनि सरकार रोजगारी सिर्जना गर्नबाट चुकेको छ । देशमा रहेका बेरोजगारहरूलाई रोजगारी दिन केही वर्षदेखि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालित त छ । तर, कार्यक्रमकै प्रभावकारितामाथि प्रश्न उठेको छ । स्थानीय तहदेखि प्रदेशसम्मकै संरचना पनि संघीय सरकारले जसरी रोजगारी सिर्जना गराउन चुकेका छन् ।

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लिसंखु पाखर गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
राजु लामा — अध्यक्ष
दिलकृष्ण श्रेष्ठ — प्रमुख प्रशासकीय अधिकृत
मिठुदेवी लामा — उपाध्यक्ष
लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खानीखोला गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
इन्द्रबहादुर थिङ — अध्यक्ष
घनेन्द्र भुजेल — प्रमुख प्रशासकीय अधिकृत
दोर्जेमान जिम्बा — उपाध्यक्ष
खानीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्मेचाकल, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मरिण गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
विमर्स मुक्तान — अध्यक्ष
ओमबहादुर दर्जी — प्रमुख प्रशासकीय अधिकृत
विमला माझी — उपाध्यक्ष
मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली, बागमती प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गुल्मी गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
सरोज कुमार थापा — अध्यक्ष
राजिव पन्थी — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेंगा — उपाध्यक्ष
गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौडाकोट, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कैलाश गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
लोकबहादुर मोक्तान — अध्यक्ष
विनोद रोका — प्रमुख प्रशासकीय अधिकृत
बालकुमार मल्ल ठकुरी — उपाध्यक्ष
कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर, बागमती, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
चौबिसे गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
रामकुमार लिम्बु — अध्यक्ष
पर्शुराम दाहाल — प्रमुख प्रशासकीय अधिकृत
टंकमाया पाङमी — उपाध्यक्ष
चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खानीखोला गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
इन्द्रबहादुर थिङ — अध्यक्ष
घनेन्द्र भुजेल — प्रमुख प्रशासकीय अधिकृत
दोर्जेमान जिम्बा — उपाध्यक्ष
खानीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्मेचाकल, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरुको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
चैनपुर नगरपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल नगरपालिकामा जानकारी गराऔं ।
कृष्णकुमार तामाङ — नगर प्रमुख
किरण प्रसाद ढकाल — प्रमुख प्रशासकीय अधिकृत
एलि श्रेष्ठ — उप–प्रमुख
चैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एनआरएनले गर्नैपर्ने काम

गैरआवासीय नेपालीले मंगलबारबाट औपचारिक रूपमा नागरिकता पाउन थालेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले बालुवाटारमा सोमबार गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष कुल आचार्य र कार्यवाहक अध्यक्ष बद्री केसीलाई गैरआवासीय नागरिकता प्रदान गरेसँगै यो प्रक्रिया सुरु भएको हो ।

योसँगै लामो समयदेखि जोडदार रूपमा उठाइएको एनआरएनको मुख्य माग पूरा भएको छ । विदेशमा पुगेका नेपालीले एनआरएनएको स्थापनाकालदेखि दोहोरो नागरिकताको मुद्दालाई बुलन्द गरी उठाएका थिए। 'एक पटकको नेपाली, सधैंको नेपाली' नारासहित एनआरएनएले राजनीतिक अधिकारसहितको नागरिकता माग गरेको थियो। राजनीतिक नेतृत्वले पटक–पटक प्रतिबद्धता जनाए पनि नागरिकतासम्बन्धी कानुन संशोधन गर्न लामो समय कुनुपऱ्यो ।

अब विदेशी नागरिकता लिएका पूर्वनेपाली नागरिकले आफ्नो वडाको सिफारिस लिएर गैरआवासीय नेपाली नागरिकता लिन सक्ने छन् । दक्षिण एसियाली राष्ट्रका मुलुकमा पुगेका नेपाली नागरिकले भने यस्तो नागरिकता नपाउने प्रावधान नागरिकता ऐनमा समेटिएको छ ।

नागरिकतासम्बन्धी ऐनको दफा ७ (क) १ मा विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को सदस्य राष्ट्रबाहेकका देशमा बसोवास गरेको र साविकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था छ । एनआरएनले नागरिकता माग्नुको प्रमुख उद्देश्य हो– नेपालमा लगानी भित्र्याउन। राजनीतिक अधिकार मागिए पनि राजनीति गर्न, सरकारी पदमा बस्न र भोट हाल्ने अधिकार भने दिइएको छैन । तर, उनीहरूले नेपालमा व्यवसाय गर्न र सम्पत्ति राख्न भने पाउने भएका छन् ।

दोहोरो नागरिकता पाउनका लागि लामो समय संघर्ष गरेको एनआरएनएले नयाँ नेतृत्व पनि चयन गर्दै छ। जसरी पनि दोहोरो नागरिकता– झण्डै एउटै मुद्दामा केन्द्रित देखिएको यो माग पूरा भएसँगै अब एनआरएन स्वदेशमा लगानी भित्र्याउनतिर मुखरित हुनुपर्ने हो । तर, एनआरएनहरू दसैंमा स्वदेश आउने र सम्मेलन गरेर फर्कनेबाहेक केही कामको नभएको आरोप लाग्न थालेको छ । यस्तो अवस्थामा आफूमाथि लागेको आरोप निराधार रहेको पुष्टि गर्न लगानी भित्र्याउनुपर्ने आवश्यकता भइसकेको छ। देशको आर्थिक अवस्था ओरालो लागेको बेला रेमिटचान्सले देश धान्ने अवस्थामा पुगेको छ । यद्यपि एनआरएनमा राजनीति गर्नेहरू रेमिटचान्स भित्र्याउनभन्दा बाहिऱ्याउने धेरै छन्। देश धरमरमा परेको बेला एनआरएनले विगतमा कबोल गरेझैं लगानी भित्र्याएर नेपाली अर्थतन्त्रलाई 'भाइब्रेन्ट' बनाउनतिर लाग्न जरुरी छ । एनआरएनएमा अब आउने नेतृत्व त्यसतर्फ केन्द्रित बनोस् ।

## मननयोग्य

### चाणक्य नीति

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?' 'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।' पुरुसँग आम्भी रिस गर्थे । सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो । आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो । पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए ।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो । उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए। पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन ।

यस्तै, धेरै दिन बिते । सिकन्दरको भाग्य बलियो थियो । एक दिन ठूलो वर्षा भयो । झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन । पुरुले सपनामा पनि सोचेका थिएनन् । सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ। पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए।

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो। ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ। पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो। सेनाहरू धेरै मरे। बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गऱ्यो। घोडाहरू काठ र डोरीद्वारा पार गरायो।

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरु केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे। पुरुका दुबै छोरा युद्धमा मरे। बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे। अन्तमा पुरुले लडाई हार्नुपऱ्यो । सिकन्दरले उनलाई बन्दी बनायो।

# पचली भैरवमा लिंगो उठाउने परम्पराको पुन:जागरण



▸▸ पदम श्रेष्ठ

एक आख्यानुसार, फर्पिङका राजा मानिने पचली भैरव प्रत्येक दिन टेकुस्थित नईअजिमा (खड्गी कन्या)सँग प्रेमालाप गर्दै रात बिताउँथे रे । जहाँ ती दुई देवीदेवता रुपि शक्तिले सिद्ध प्राप्त गरेको स्थानमा प्रत्येक वर्ष दसैंको पञ्चमीका दिन तामाको घ्याम्पोमा खड्गधारी त्रिशूल, ढाल, बिन्दु मुद्रासहितको भैरव जात्रा गरिन्छ । टाउकोमा बुद्ध अंकित तर घ्याम्पोभित्र जाँड, रक्सी भरी कोंचाद्यो जात्रा हुने गर्दछ । पचली जात्रा कोने क्षेत्रका दलाछीं, बकछें (इनाखा), यंगाल, न्हुघः, नायापाच्वःका ज्यापूहरूले पालैपालो बर्सेनि चलाउँछन् ।

लिच्छवीकालीन इतिहास समेटिएको पचली भैरव जात्राको लिंगो उठाउने परम्परा ३० गते चौथीदेखि पुनःजागृत भएको छ । विजया दशमीको पाँचौं दिन मनाइने पचली भैरव जात्राअघि चौथीको दिन लिंगो उठाएर गरिने परम्परा ४५ वर्षदेखि बन्द अवस्थामा थियो ।

पचली भैरवका आठ जातीय परम्पराभित्र थकु जुजु जयराम मल्लको अगुवाइमा मजिपा लाखे रञ्जितकार गुथिले पचली जात्रा थाल्दा ३२ हाते लिंगो उठाएपछि जात्रा सुरु हुने परम्परा थियो । रञ्जितकार गुठियार अनिल रञ्जितले दिएको जानकारीअनुसार लिंगो उठाउने परम्परालाई निरन्तरता दिन गुथि संस्थानले आवश्यक बजेटको प्रबन्ध नगरिदिनु, रञ्जितकार गुथीबीच विभाजन आउनु, युवा गुठियारहरू विदेश पलायन भई वृद्धवृद्धाबाट परम्परा धान्न नसकेपछि पचली जात्राको अघिल्लो चौथीको दिन लिंगोमा उठाउनुपर्ने हलिपता (तोरण) लाई कर्मकाण्डीरूपमा पूजामात्र गर्दै आइरहेको थियो । जुन परम्परालाई पुनःजागृत गर्न रञ्जितकार समाजका अगुवा तथा सञ्चारकर्मी कुमार रञ्जितले थालेको अभियानलाई पूर्वमन्त्री तथा माओवादी नेतृ कल्पना धमलाले सहजकर्ताको भूमिका खेलिदिएपछि लामो समयसम्म बन्द रहेको लिंगो उठाउने परम्पराले पुनःजागृत हुन सकेको बताइन्छ ।

कलिसंवत् ३८२५ मा राजा गुणकामदेवले काठमाडौं नगरको म्हेपीलाई मञ्जुश्री खड्गकार सहरको शिर र पचलीलाई बीँड बनाई स्थापना गरेपछि हनुमानढोकादेखि तल्लो टोल पचलीसम्मको कोनेतर्फको मूल जात्राको घोषणा गर्दै ३२ हाते लिंगो ठड्याउने परम्परा रहँदै आइरहेको छ ।

एक आख्यानुसार, फर्पिङका राजा मानिने पचली भैरव प्रत्येक दिन टेकुस्थित नईअजिमा (खड्गी कन्या)सँग प्रेमालाप गर्दै रात बिताउँथे रे । जहाँ ती दुई देवीदेवता रुपि शक्तिले सिद्ध प्राप्त गरेको स्थानमा प्रत्येक वर्ष दसैंको पञ्चमीका दिन तामाको घ्याम्पोमा खड्गधारी त्रिशूल, ढाल, बिन्दु मुद्रासहितको भैरव जात्रा गरिन्छ । टाउकोमा बुद्ध अंकित तर घ्याम्पोभित्र जाँड, रक्सी भरी कोंचाद्यो जात्रा हुने गर्दछ। पचली जात्रा कोने क्षेत्रका दलाछीं, बकछें (इनाखा), यंगाल, न्हुघः, नायापाच्वःका ज्यापूहरूले पालैपालो बर्सेनि चलाउँछन् ।

जुन जात्रा हुनुअघि ३२ हाते काठको लिंगोमा हतिपता (तोरण)सहित उठाउने परम्परा रहँदै आइरहेको पाइन्छ । हलिपतामा लिखित दस्तावेजअनुसार ने.सं. ६०९ उल्लेख रहनुले लिंगो मल्लकालीन सभ्यता मानिएको छ । तर, आख्यान लिच्छविकालीन सभ्यता मानिन्छ ।

भनिन्छ, राजा गुणकामदेवले काठमाडौं नगर बसाउँदा माथिल्लो भागलाई थँहिटी र तल्लोलाई कोहिटी र बीचलाई मरूहिटी भनियो । नगरको माथिल्लो बुद्ध विहार थँवही र तल्लो विहार, कोहिटीवहीजस्तै मरूवही, मरू सतः (काष्ठमण्डप) र मरू गणेश नाउँ रह्यो । १२ वर्षमा किराती राजा गास्तीका वंशज गथुमालीका पचली भैरवसँग गद्दीसीन राजाले खड्ग सात्ने केन्द्र भूतिसः छ । भनिन्छ, मरु गणेशस्थानमा अशोक जातको रूख थियो । 'अँलाथ्व चथा:'को चोर्न जाने दिन लाय् कूवहीका लीलावज्रले ने.सं. १३९ मा जीवन्यास

गरी मरुगणेश स्थापना गराए । धर्मना मानन्धर र ज्यापु भेलाले दसैं चथाको दिन बुसाँध जात्रा चलाएको बताइन्छ ।

**मरूवही धर्मश्री महाविहार, मरूहिटी र सन्तानेश्वर महादेव**

**मरूहिटी काठमाडौं नगरको केन्द्रीय ढुंगेधारा हो । बुद्धमूर्ति अंकित मरूहिटी राजा गुणकामदेवकाद्वारा नगर व्यवस्था क्रममा बनेको हो । मरूहिटीसँगै सन्तानेश्वर छ । ने.सं. ९०३ मा निर्मित देवस्थलमा शनिबार बच्चाको कामना गर्दै धाउँछन् । सन्तानेश्वरकै भाकलबाट राजा पृथ्वी वीरविक्रम शाह जन्मिएको कथन छ ।**

यट्खा बहा : (भास्कर कीर्ति महाविहार) र कंकेश्वरी अजिमाँ द्योछें

यँ ले सहर, तःखाले ठूलो ठाउँ हो । मरू र नरदेवीबीच कंकेश्वरी द्योछें अगाडिको विहारलाई संस्कृत भाषामा भाष्कर कीर्ति महाविहार भनिन्छ । स्वयम्भूकृत यट्खा विहारमा राजा मणिमुकुन्द सेनले यट्खा वहालको क्वापाद्योलाई ध्वस्त बनाएबाट विहार भाष्कर देवकालीन पुष्टि गर्दछ। ने.सं. ८३० मा इतुम्वहालका त्रैलोक्य शाक्यबाट जीर्णोद्वारित बहालमा शिवरात्री र सकिमना पुन्हीमा पूजा हुन्छ ।

**काष्ठमण्डप (मरू सतः) सिंह सत्तल (सिल्यो सतः)**

अलौकिक आख्यानुसार, इन्द्रजात्रा हेर्न करूणामय (रातो मच्छिन्द्रनाथ) मरू पुग्दा तान्त्रिकले चिनेर पक्रिएछन् । वाचाअनुसार रातो मच्छिन्द्रनाथ बुंगद्योले विशालकाय कल्पवृक्षको रूखको स्वभाव धारण गरी काठमाडौं सहरमै बस्ने निधो गरे । सोही रूख काटी ने.सं. २६२ मा काष्ठमण्डप निर्माण गराए । राजा लक्ष्मीकान्त देवको राज्यकाल एउटै रूखको काठबाट निर्मित तीन तल्ले प्यागोडाशैली काष्ठमण्डपको भूईँतलामा गोरखनाथ पद्मासनमा ढुंगेमूर्ति छ भने चार कुनामा चन्द्र, सूर्य, कार्य र जलविनायक मूर्ति वाल्डरी छन् ।

भनिन्छ, काष्ठमण्डप बनाई उब्रिएको काठबाट बन्यो, सिल्योसतः । ने.सं. १०४० मा तहविलका धमना सायमी (धर्मनारायण)को घर निर्माण गर्दा भेटिएको कृष्णनारायणको मूर्ति र सत्तलको चार कुनामा पन्छी सिंहको धातु मूर्ति प्रतिस्थापनपछि, सिल्यो सत्तः भनिए ।

**कुमारी छें र सिंखोंमू तरूमूल महाविहार**

मातृशक्ति नेपालको प्रमाण हो, जीवितदेवी कुमारी। जीवन्त संस्कार इन्द्रजात्रामा राष्ट्रप्रमुखबाट वसन्तपुर कुमारी दर्शन र रथारोहण हुँदै आएको छ । आख्यानअनुसार राजा जयप्रकाश मल्ल र तलेजु भवानीबीच पासा खेल्दै राज्यबारे छलफल हुन्थ्यो रे । एकदिन राजाले तलेजुको हात देखेर कुभावना उब्जाएछन्, सो कुरा थाहा पाएर देवीले अबदेखि प्रत्यक्ष नदेखिने, सल्लाह दिन शाक्य कन्याको शरीरमा प्रवेश गर्नेछु भनी अलप भइछन् ।

राजालाई सपनामा कुमारीले रथारोहण गर्न दिएको आदेश मुताविक राजाले ने.सं. ८७६ मा श्रीखण्डतरू मूल महाविहारकै एक पातोलाई कुमारी घरको रूप दिई भाद्र शुक्ल चौथीदेखि पूर्णिमासम्म आठ दिन इन्द्रजात्राको बेला श्री कुमारी, श्री भैरव र श्री गणेशको रथारोहण प्रारम्भ गराए। काष्ठकलाको ज्वलन्त नमूना कुमारी छेँ ने.सं. ८८० गुरूजु पल्टन तुयुख्वाको नेतृत्वमा बनेको बताइन्छ । ने.सं. ८८८ मा गोर्खाका राजा पृथ्वीनारायणबाट नेपाल एकीकरण गर्दै हनुमानढोकाको राजगद्दीमा जब बसे, उनै तुयुख्वा आजुको नेतृत्वमा पुगेको सेनाले जीवित देवी कुमारी र नेवार संस्कृतिलाई मान्छौं भने राजा मान्छौं, होइन भने भनी बाचा गराएछन् । त्यसैदेखि राष्ट्रप्रमुखलाई नेवार समाजमा भित्र्याइ कुमारी दर्शन गर्दै आइरहेको बताइन्छ ।

**सिंखोमु बहाः**

सिंखोमु बहाल (श्रीखण्ड तरूमूल महाविहार) निर्माणका आख्यानअनुसार, ने.सं. २६२ मा राजा लक्ष्मी कामदेवले काष्ठमण्डप बनाएर बचेको काठबाट सिल्यो सतः (सिंह सतल) बन्यो भने, त्यसबाट बचेको जराजुरीको प्रयोग गरी श्रीखण्ड तरूमूल महाविहार बनायो । त्यसै कारण नेपाल भाषामा यस विहारलाई सिंखोंमु विहार भनिए । मैत्रेय बुद्धप्रति समर्पित विहारमा बौद्ध धर्मको मान्यताअनुसार पापीले भोग्नुपर्ने १० विपाक चित्रमा कुदिएको छ । १८ वज्रयानी महाविहारमध्ये सिंखोंमू बहाः उपत्यकाकै ठूलो विहार मानिन्छ ।

**त्रैलोक्यमोहन नारायण मन्दिर (दश अवतार देगल)**

सन्तपुरमा सिंखोंमू वहालसँगै ठडिएको तीन तले प्यागोडा शैलीको त्रैलोक्य मोहननारायण मन्दिर राजा नृपेन्द्र मल्लको सम्झनामा अर्का भाइ राजा पार्थिवेन्द्र मल्लले ने.सं. ८५७ मा निर्माण गराएका हुन् । इन्द्रजात्राको आठ दिन राति दश अवतारको झाँकी देखाउने यस देवस्थललाई दश अवतार देगलको रूपमा चिन्दछन् । मन्दिरसँगै ने.सं. ८६६ मा राजमाता ऋद्धिलक्ष्मीद्वारा निर्मित हात जोडेको गरूड मूर्ति छ ।

**विरिञ्ची केशव अट्कोनारायण**

शिलापत्रमा विरञ्चीको अर्थ छैन, तर नेपाल भाषामा अट माने लुगा धुने बाटा र को ले अटलजस्तो परिवेशमा ने.सं. ७०६ मा राजा शिवसिंहकी गंगा रानीद्वारा निर्मित हो, आट्कोनारायण । उपत्यकाका अन्यमा बांगेमुढालाई विसंखु, वन्देलाई शेष र हचुमतलाई इचंगुनारायणको रूपमा पुजिन्छ । ओमबहालका बज्राचार्यसमेत कूलदेवता रहेका कारण गंगा महारानीले बौद्ध विहारमा नारायण स्थापना गरिन् भनिएको छ । कार्त्तिक एकादशीका दिन भीमसेनस्थानका थकुजुजु (ठकुरी मल्ल) राजाले मन्दिरको दायाँ ध्वजा-पताकासहितको लिंगो उठाइन्छ । आश्विन पञ्चमीको मध्यरातमा विधिपूर्वक जोशी (चिना हेर्ने)लाई तामाको ठूलो खासीमा राखी बाजा गाजासहित पचली भैरव लगिन्छ ।

**भिन्द्यो (भीमसेन),पञ्चपाण्डव होइन**

'भ्रम नपरोस्, व्यापारका देवता भिन्द्यो (असल देवता), पञ्चपाण्डव होइनन् । ने.सं. २६० ताका टोले राजा तुयुथकु जुजुले प्रतिष्ठापित भीमसेनस्थान ओरालोको मन्दिरको ताम्रपत्रअनुसार ने.सं. ६६० (६८४) को हो । आख्यानअनुसार दोलखाकी राजकुमारी र क्वःनेका राजकुमारबीच विवाह हुँदा सेवकका रूपमा पठाएका कामदार सधैं छाउनी ब्यारेकस्थित खेतमा जान्थे । तर, दिनभर सुतेर बस्छ भन्ने कुरा सुनेपछि थकुजुजु स्वयं खेत पुग्दा मस्त निद्रामा भेटे ।

उठाएर गाली गर्दा सेवकले राजालाई आँखा चिम्लिन लगाए, क्षणभरमै खेतमा धान फलिरहेको पाए । आश्चर्य चकित थकुजुजुले यो साधारण होइन भन्ने सम्झी परिचय माग्दा आफू दोलखा भीमसेन हुँ भन्दै छाउनीबाट तीन पाइला टेक्दा जहाँ पुग्छ, त्यहीं मन्दिर बनाउन आज्ञा दिए । मन्दिरभित्र लायकू भिन्द्यो (दरबारीया असल देवता), क्षेत्रपाल (अर्जुन भनिने), दुरूपत्ति (दूधमात्र खाने देवता) र जस्यां अजि-जस्याँ अजिमां कम्मर दुख्दा पुजिन्छ । ने.सं. ७७५ मा राजा प्रताप मल्लले तीनतले मन्दिर बनाए भने १२ वर्ष गुप्तवास राख्दा तिब्बतको ङेचु गुम्बामा काठमाडौंका ज्यापुहरू पुग्नुपर्ने विधान छ । यी जात्राहरू पचली भैरवको लिंगो उठाएपछि थालनी हुने परम्परा एक वर्षसम्म चल्दछ ।

## पत्र–मञ्जुषा

# उत्पादनमा परनिर्भर बन्दै, विदेशी ऋणले थिचिँदै

कुनै बेला नेपाल सरकारले कतिपय देशलाई अनुदानमै अन्न दिने गरेको थियो । त्यतिबेला नेपालले केही पनि आयात गर्नुपर्दैनथ्यो । लुगा पनि नेपालमै उत्पादन गरिन्थ्यो । आफ्नो आवश्यकता आफ्नै उत्पादनबाट परिपूर्ति हुँदै आएको थियो । नेपाल सरकारलाई विदेशी ऋण लिनुपर्ने आवश्यकता थिएन ।

अधिकांश कृषि पेसामा जोडिएको भएकाले कोही बेरोजगार थिएनन् । बिहानदेखि बेलुकासम्म आफ्नै खेतमा मलजल गर्नेलाई रोग पनि लाग्दैनथ्यो । उनीहरू जति थियो त्यतिमै सन्तुष्ट थिए । व्यापार घाटा थिएन । विषादीयुक्त सामान किनेर खानुपर्ने बाध्यता नभएकाले धेरै हृष्ठपुष्ट थिए । जे भए पनि मुलुक आत्मनिर्भर थियो । तर, अहिले परिस्थिति ठ्याक्कै उल्टो बनेको छ । विदेशी ऋण दिनहुँ बढिरहेको छ ।

यता, व्यापार घाटा पनि ह्वात्तै बढेको छ । हुन त हामी नेपाली हौं भन्छौं । नेपाली नागरिकता बोक्छौं, नेपाली टोपी लगाउँछौं । तर, हाम्रो भान्सामा पाक्ने हरेक खाद्यान्न विदेशी मुलुकबाट आयात भइरहेको छ । चामल, तेल, गेडागुडी, दाल, पिठोलगायत सबै खानेकुरा नेपालले आयात गर्छ । त्यही किनेर बिहानबेलुका उपभोग गरिरहेका छौं । अनि हामी नेपाली हौं भनेर गर्व गरिरहेका हुन्छौं । के आधारमा आफूलाई नेपाली भन्ने ? अरु देशले खाद्यान्न बिक्री गर्न छोडयो भने नेपाली भोकभोकै मर्छन् ।

बाहिरबाट आयात गरेको खाद्यान्न खानलायक पनि छैन । विषादीयुक्त खानेकुराहरू आयात भइरहेका छन् । जसले गर्दा नेपालीलाई विभिन्न थरीका रोगले च्यापेको छ । एकातिर महँगो मूल्य तिरेर सामान किन्नुपर्ने अर्कोतिर त्यही खाएर बिरामी हुने । विषादीयुक्त खाद्यान्न बेचेर अन्य मुलुकले नेपालीलाई बिरामी पारेको छ । यता, उपचारको नाममा पनि नेपाली पैसा धमाधम आफ्नो मुलुक भित्र्याइरहेका छन् । नेपालमा कृषियोग्य जमिन नहुँदा धेरै बेरोजगार बनेका छन् ।

नेपालीलाई विलासीपूर्ण जिन्दगी जिउने बानी परिसकेको छ । छोटो दूरीमा यात्रा गर्न पनि सवारीसाधनको प्रयोग हुन्छ । तर, त्यो सवारीसाधन कुन मुलुकले बनाएको हो ख्याल गरिँदैन । यता, पेट्रोल पनि खरिद गर्नुपर्ने बाध्यता छ । नेपालमै पेट्रोल उत्पादन हुँदैन । अहिलेसम्म भारतबाट किनेर सवारीसाधन चलाइरहेका छौं । भारतले इन्धन नबेच्ने भनेर घोषणा गरिदियो भने ती सबै सवारी घरघरमा थन्किन्छन् । सवारीसाधन र इन्धन दुवै बेच्ने भारत ।

हरेक सामान बाहिरबाट आयात गर्नुपरेको छ । सरकारसंग भूमि जोगाउने र नेपालीलाई कृषि पेसामा आबद्ध गर्ने कुनै रणनीति छैन । जनता बिहानबेलुका छाक टार्न अरुको मुख ताक्नुपर्छ भने सरकारको के काम ? सरकारले खेतीयोग्य जमिन मासेर घर बनाउन दियो । धमाधम बाटो बनाइयो । उब्जनी हुनलाई त माटो चाहियो नि । माटोमाथि ढलान हालेपछि खेती गर्न मिलेन । सरकारले बेलैमा सोचविचार नगर्दा नेपालीहरू भोकभोकै मर्नुपर्ने अवस्था सिर्जना हुनसक्छ ।

*–अशोक कार्की*
*भरतपुर, चितवन*


**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

### उपप्रधानमन्त्री श्रेष्ठको चीन भ्रमण

# सीमापार अपराध नियन्त्रणका लागि सहकार्यमा जोड



**बेइजिङ (चीन)–** जनवादी गणतन्त्र चीनको भ्रमणमा रहेका उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र चीनका सार्वजनिक सुरक्षामन्त्री एवं चिनियाँ कम्युनिस्ट पार्टीका सचिवालय सदस्य वाङ सियाओहङबीच मंगलबार द्विपक्षीय भेटवार्ता भएको छ ।

भेटका क्रममा उनीहरूबीच नेपाल र चीन सम्बन्ध, द्विपक्षीय सहकार्यका विविध विषयमा विचारविमर्श भएको थियो । सो क्रममा उपप्रधानमन्त्री श्रेष्ठले नेपाल 'एक चीन नीति'प्रति पूर्ण प्रतिबद्ध रहेको दोहोऱ्याएका थिए । 'आन्तरिक तथा बाह्य राजनीतिक परिस्थितिमा फेरबदल भए पनि एक चीन नीतिप्रति नेपालको स्पष्ट र अटल अडान रहेको छ,' उनले भने ।

उपप्रधानमन्त्री श्रेष्ठले कानुन कार्यान्वयन, सीमा व्यवस्थापन तथा सुरक्षा अधिकारीको क्षमता अभिवृद्धिलगायत विषयमा द्विपक्षीय सहकार्यलाई अगाडि बढाउने बारेमा छलफल गरेका थियो । उनले शान्ति सुरक्षा कायम गर्न तथा सीमापार आपराधिक गतिविधि नियन्त्रणका लागि सीमापार सुरक्षा सहकार्य बढाउनुपर्नेमा जोड दिएका थिए ।

भेटमा चिनियाँ सार्वजनिक सुरक्षामन्त्री सियाओहङले विपद् व्यवस्थापन क्षमता अभिवृद्धिका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई आवश्यक सहायता सामग्री निरन्तर उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । नेपाल-चीन सीमा क्षेत्रका १४ वटा सीमानाका खुला भएकामा दुवै नेतृत्वले प्रशंसा गरेका थिए । उनीहरूले सीमानाका खुला हुँदा द्विपक्षीय व्यापार प्रवर्द्धनमात्रै हुने नभई दुई देशबीचको जनस्तरको सम्बन्धलाई पनि प्रगाढ बनाउने विश्वास व्यक्त गरेका थिए ।

भेटवार्तामा नेपालका तर्फबाट उपप्रधानमन्त्री श्रेष्ठ, परराष्ट्र मन्त्रालयका सहसचिव अमृतबहादुर राई, गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई, उपप्रधानमन्त्री श्रेष्ठका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठ र विपद् तथा जोखिम व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल तथा चीनका तर्फबाट सार्वजनिक सुरक्षामन्त्री सियाओहङसहित चिनियाँ उच्च अधिकारी सहभागी थिए ।

### आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन निर्देशन

उपप्रधानमन्त्री श्रेष्ठले आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन बेइजिङस्थित नेपाली दूतावासका अधिकारीहरूलाई निर्देशन दिएका छन् । नेपाली दूतावासको अवलोकनका क्रममा मंगलबार उनले मुलुकको समृद्धिका लागि आर्थिक कूटनीति महत्त्वपूर्ण रहेको उल्लेख गरे ।

'नेपाल आर्थिक विकास र समृद्धिलाई केन्द्रीय कार्यभार बनाएर अगाडि बढिरहेको छ । यसलाई सही ढंगले पूरा गर्न सकिएन भने राजनीतिक उपलब्धि खतरामा पर्ने अवस्था आइपर्न सक्छ, यसकारण हरहालतमा समृद्धिको कार्यभारलाई पूरा गर्नुपर्छ,' उनले भने, 'यसका निम्ति दूतावासले आर्थिक कूटनीतिलाई पनि परिचालन गर्नुपर्छ ।'

दूतावासले चीन र नेपालबीच रहिआएका परम्परागत असल सम्बन्धलाई अझ सुदृढ बनाउँदै मुलुकको समृद्धि र आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन योगदान पुऱ्याउनुपर्ने उपप्रधानमन्त्री श्रेष्ठले बताए । उनले वर्तमान सरकारले समृद्धि, सुशासन र सामाजिक न्यायलाई प्राथमिकता राखेको उल्लेख गरे । स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने तथा कूटनीतिलाई सन्तुलनका आधारमा अगाडि बढाउने काममा वर्तमान सरकार तुलनात्मक रूपले सफल भएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले सरकार सुशासनको स्थापना, अर्थतन्त्रमा देखिएका समस्या समाधान तथा आर्थिक विकासको प्रक्रियालाई तीव्र बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको बताए । उनले स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन गर्दै कूटनीतिक श्रेष्ठता हासिल गर्नुपर्नेमा जोड दिए ।

चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले उच्चस्तरीय भ्रमणले दुई देशबीचको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरे । उनले दुई देशका उच्च नेतृत्वबाट भएको भ्रमणबाट दुई देशबीच विश्वासको वातावरण बनेको बताए ।

'नेपाल र चीनबीचको जनस्तरका साथै द्विपक्षीय सम्बन्ध बजबुद भएको छ, दुई देशबीच भएका सम्झौता र समझदारी कार्यान्वयनले गति लिने विश्वास छ,' उनले भने । *रासस*

# पाथीभरामा एकैदिन २५ सय तीर्थयात्री



**ताप्लेजुङ–** ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा मंगलबार एकै दिन दुई हजार ५०० भन्दा बढी तीर्थयात्री पुगेका छन् । मुलुकका विभिन्न क्षेत्रबाट देवीको पूजाआराधना तथा मन्दिरको दर्शनका लागि एकै दिनमा दुई हजार ५५५ तीर्थयात्री पुगेको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ ।

नवरात्र सुरु भएसँगै मन्दिरमा भक्तजनको घुइँचो लाग्न थालेको हो । नवरात्र सुरु भएयता करिब पाँच हजारभन्दा बढी तीर्थयात्री पाथीभरा आएका छन् । यो वर्षदेखि पाथीभरामा आउने तीर्थयात्रीको संख्या यकीन गर्नका लागि व्यक्ति गणना (फेस काउण्ट) गर्ने सिसी क्यामरा जडान गरिएको छ । नवरात्रका समयमा पूजापाठ गर्न उत्तम हुने र मौसमसमेत खुलेकाले भक्तजनको आगमन बढेको बताइएको छ ।

अन्य दिनको तुलनामा शनिबार र मंगलबार भने पाथीभरामा भक्तजनको चाप निकै बढ्ने गरेको छ । अघिल्ला वर्षहरूमा दसैंको समयमा पर्ने शनिबार र मंगलबारका दिन एकै दिनमा १० हजार भक्तजन पुगेको तथ्यांक छन् । वार्षिक लाखौंको संख्यामा स्वदेशी तथा विदेशी तीर्थयात्री यस मन्दिरमा आउने गरेका छन् ।

भक्तजनको आगमन बढेसँगै पाथीभरा क्षेत्रमा सुरक्षा, सहज यातायात, खाने बस्ने जस्ता प्रबन्धलाई व्यवसायीलगायत सम्बन्धित पक्षसँग छलफल गरी थप व्यवस्थित गरिएको प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङले बताइन् ।

तीर्थयात्रीको चाप बढ्दै गएपछि सहजरूपमा पूजापाठका लागि जनशक्ति खटाएर आवश्यक प्रबन्ध मिलाइएको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्लेले बताए । *रासस*

# 'नेपाल प्रहरीलाई प्रभावशाली संगठनको रूपमा स्थापित गराउँछौं'




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल प्रहरीलाई आधुनिकीकरण गर्दै दक्ष, जिम्मेवार र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावशाली संगठनको रूपमा स्थापित गर्न हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

६८औं प्रहरी दिवसका अवसरमा मंगलबार प्रहरी प्रधान कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले सीमित साधन र स्रोतका बीच अपराध नियन्त्रण र अनुसन्धानमा प्रहरीले विश्वस्तरीय कार्य गरी ख्याति कमाउनु देशका निम्ति गौरवको विषय भएको बताए ।

'सीमित साधन स्रोत, जनशक्ति र अनेकौं चुनौतीका बाबजुद अपराध नियन्त्रण र अनुसन्धानमा नेपाल प्रहरीले विश्वस्तरमा जुन ख्याति कमाएको छ, त्यो हाम्रा लागि महत्त्वपूर्ण पुँजी हो,' प्रधानमन्त्री दाहालले भने, 'यो संगठनको क्षमता अभिवृद्धिसँग सरकारको सफलता पनि गाँसिने हुनाले संगठनको आधुनिकीकरणका लागि मेरो नेतृत्वको सरकार गम्भीर छ ।'

प्रहरी कर्मचारीको वृत्ति विकास, परिचालन र समन्वयमा सरकारले वैज्ञानिक विधि पालना गर्दै संगठनभित्रका सबैले आत्मसम्मानका साथ देश सेवाको अनुभूति गर्न पाउनुपर्ने आफ्नो मान्यता रहेको र तदनुरूप हुनुपर्नेमा आफूले निरन्तर जोड दिँदै आएको प्रधानमन्त्री दाहालले बताए ।

सरकार प्रहरी जवानदेखि उच्चतम अधिकृतसम्मका सबैको साझा अभिभावक भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबैलाई सरकारले समान व्यवहार गर्छ भन्ने व्यवहारबाटै प्रमाणित भएको दाबी गरे । 'संगठनमा एकता कायम गर्न, प्रहरी कर्मचारीको मनोबल उकास्न नेतृत्वतह सधैं सचेत हुनुपर्छ,' उनले भने ।

प्रधानमन्त्री दाहालले विश्वव्यापीकरणसँगै फैलिएको अन्तर्राष्ट्रिय अपराधको सञ्जाल, सूचना प्रविधिको चरम विकासले थपेका चुनौतीको डटेर सामना गर्न तथा त्यसले प्रदान गरेका अवसरलाई उपयोग गर्न निर्देशन दिए । उनले सूचना-प्रविधिको विकाससँगै अपराधका नयाँ-नयाँ आयाम विकसित भइरहेको वर्तमान परिप्रेक्ष्यमा अपराध नियन्त्रण र अनुसन्धानमा प्रविधिमैत्री संयन्त्र बनाएर प्रविधिको भरपूर उपयोग गर्न निर्देशन दिए ।

नेपाल प्रहरीको छविमाथि प्रश्न उठ्ने कुनै पनि प्रकारका अवाञ्छित गतिविधि र गलत क्रियाकलाप नियन्त्रण गर्न प्रहरी नेतृत्व पूर्णतः सक्षम रहने विश्वास उनले व्यक्त गरे । उनले विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रमा शान्ति स्थापनार्थ नेपाल प्रहरीले संयुक्त राष्ट्रसंघमार्फत गरेको योगदानको सराहना गरे ।

आगामी दिनमा विश्वशान्तिका निम्ति नेपाल प्रहरीलगायत देशका सुरक्षा अंगको उपस्थिति र भूमिका बढाउने सन्दर्भमा सरकारले आवश्यक कूटनीतिक प्रयास गर्ने प्रधानमन्त्रीले बताए । विविधतामा एकता राष्ट्रको पहिचान भएको तथा राष्ट्रिय एकतालाई अक्षुण राख्दै आमनागरिकलाई संविधानप्रदत्त मौलिक हक निर्धक्क भएर उपभोग गर्ने वातावरण बनाउन प्रधानमन्त्रीले निर्देशन दिए ।


**गौरीशंकर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुरी, दोलखा**

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति २०८०/०७/०१**

यस कार्यालयको लागि आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद नियमोलि, २०६४ को परिच्छेद ५ को नियम ३१(ख) अनुसार निर्धारित दर (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले त्यस्तो मालसामान उत्पादक वा बिक्रि वितरण गर्न ईच्छुक आधिकारिक फर्म वा कम्पनी वा संस्थाले आफ्नो फर्म दर्ता चालु आ.व २०८०-८१ को लागि नविकरण गरेको इजाजतपत्र, एजेन्सी दर्ता,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व २०७९-८० को कर चुक्ता वा म्याद थपको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समावेश गरी सोहि नियमावलीको नियम ३१ (ख) को उपनियम २ बमोजिमका सवारी साधनको उत्पादकको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण( क्याटलग वा ब्रोसर) संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिन दिनको १२:०० बजे भित्र कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउनु हुन उत्पादक वा आधिकारीक विक्रेताको लागि यो सूचना प्रकाशित गरिएको छ।नियमानुसार पेश हुन आएका प्रस्तावहरु सोहि दिन १ बजे खोलिनेछ।

| सि. नं. | विवरण | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | Single cylinder, Four Strike, Oil cooled fuel injection petrol engine of 220±1 %CC. | ८ | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुने छ। |
| २ | मोटरसाइकल | Single cylinder, Four Strike, naturally aspirated air cooled petrol engine of 150±1 %CC. | १ | |

**प्रमुख प्रशासकीय अधिकृत**

**अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) सूची प्रकाशन सूचना**

यस अल्फा ओटोमोटिभ प्रा.लि. ले TG Auto Group Pvt. Ltd. द्वारा नेपालमै ब्ककभ्कदभिम गरिएको देहाय मालवस्तुहरुको अधिकतम खुद्रा मूल्य (MRP) निम्नानुसार भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | मालवस्तुको विवरण | आकार र प्रकार | ब्राण्ड | मोडेल | क्षमता (CC) | उत्पतिको मुलुक/राष्ट्र | इकाई | मूल्य प्रति इकाई | अधिकतम खुद्रा इकाई मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Royal Enfield Classic 349.34 CC | Motorcycle | Royal Enfield | Classic Dark DD | 349.34 CC | नेपाल | १ | 525,000.00 | 525,000.00 | |
| २ | Royal Enfield Classic 349.34 CC | Motorcycle | Royal Enfield | Classic Chrome DD | 349.34 CC | नेपाल | १ | 530,000.00 | 530,000.00 | |
| ३ | Royal Enfield Hunter 349.34 CC | Motorcycle | Royal Enfield | Hunter Rebel | 349.34 CC | नेपाल | १ | 479,000.00 | 479,000.00 | |
| ४ | Royal Enfield Hunter 349.34 CC | Motorcycle | Royal Enfield | Hunter Dapper | 349.34 CC | नेपाल | १ | 475,000.00 | 475,000.00 | |
| ५ | Royal Enfield Hunter 349.34 CC | Motorcycle | Royal Enfield | Hunter Factory | 349.34 CC | नेपाल | १ | 459,000.00 | 459,000.00 | |

**बिक्रेता फर्मको नामः** ALPHA AUTOMOTIVE PVT. LTD. **बिक्रेता फर्मको ठेगानाः** PUTALISADAK, KATHMANDU

# माटो बेचेर दसैं खर्चको जोहो

**महोत्तरी–** दसैं सुरु भएपछि महोत्तरीका गरिब बस्तीका महिला माटो बेचेर चाडबाडको खर्च जोहोमा लागेका छन् । दसैंमा विभिन्न रङका माटोले घर पोतेर चिटिक्क टल्कने बनाउने स्थापित मैथिल परम्पराले अहिले गरिब बस्तीका महिला माटो बेचेर दसैं खर्चको जोहोमा लागेका हुन् ।

अहिले १०/२० जनासम्मको समूहमा महिला माटो खोज्न चार/पाँच घण्टाको बाटो छिचोलेर चुरे पहाडका रातो माटोका थुम्का खोस्रीरहेका भेटिन्छन् । दसैंमा घर पोत्ने प्रयोजनका लागि कमेरे, चिम्टिलो पहेँलो र रातो माटोको माग हुने भएपछि ग्रामीण महिला अहिले विभिन्न रङका माटो संकलनमा लागेका छन् ।

मधेसका अधिकांश भित्री बस्तीमा बाँसका चोयाको बारका भित्ता भएका घर हुन्छन् । यस्ता घरका भित्ता बर्सेनि दसैं, तिहार र छठअघि माटोले पोतेर रंग्याउने चलनले यी पर्वमा विभिन्न रङका माटोको माग बढ्छ । यसै अवसरलाई अहिले गरिब बस्तीका महिलाले नगद जोहोमा प्रयोग गरेका हुन् । अहिले फरक-फरक रङका माटोको खोजी गर्ने समूहको गन्तव्य नदीले दह जमाएका ठाउँको डिल, पुराना पोखरी र चुरे पाहाडक्षेत्रका रातो माटोका थुम्का भएका छन् ।

'कमेरे र पहेँलो चिम्टिलो माटो खोज्न नदी गहिरिएको डिल र पुराना पोखरी खोज्नुपर्छ, रातो माटो लिन चुरे नै पुग्नुपर्छ,' सखारै १० जनाको समूहमा रातो माटो खन्न १५/१६ किलोमिटर छिचोलेर बर्दिबास-३ को चुरे थुम्को पुगेकी भंगाहा नगरपालिका-३ टिकुलिया बस्तीकी हेमकली चौधरी भीनछन्, 'यही मेहनतले आफ्नो घर पोत्न र दसैं खर्चको नगद जोहो गर्न माटो लगिन्छ ।' रातो माटो एक बोरा (४० किलो) घर पुऱ्याउन सके आफ्नो घर पोतेर नगद आर्जन गर्न पाइने उनी बताउँछिन् ।

पितृपक्ष सकिएर दसैं प्रारम्भ भइसकेको छ । गरिब बस्तीका महिलाले भने १५ दिनअघि नै माटो खन्न, ओसार्न थालिएको बताएका छन् । माटो खन्ने काममा घरका परिवारजनको सहयोगले सहज भएको औरही-७ की पारोवती ठाकुरले बताइन् । अहिले गरिब बस्तीका महिलाको माटो ठम्याउने, खन्ने र ओसार्ने काममा व्यस्तता देखिन्छ ।

बस्ती नजिकैको रातु नदीको डिलमा कमेरे माटो खोस्रीरहेकी भंगाहा-४ पलार बस्तीकी सियान्कीदेवी बाँतरले भनिन्, 'कमेरे र पहेँलो माटो त यतै ओरपर खोज्दा पाइन्छ, तर रातो माटो लिन त १५/१६ किलोमिटर छिचोलेर चुरे नै पुग्नुपर्छ ।'

मधेसका खासगरी थारु, बाँतर र मुसहर बस्तीमा अहिले माटो संकलनको होड चलेको छ । यी समुदायका महिला विभिन्न रङको माटोले घर पोत्न, कुन रङको माटो कसरी मिलाएर पोत्ने भन्ने र घर सरसफाइका काममा पोख्त मानिन्छन् । भंगाहा-५ राजपुरका ६८ वर्षीय पुरुषोत्तम पोखरेल भन्छन्, 'घर सरसफाइ, रङरोगन र सजावटमा थारु महिला सधैं उम्दा देखिन्छन् ।'

दसैंमा थारु, बाँतर र मुसहर महिलाको साथ संगतले अन्य जाति समुदायका महिला पनि अहिले माटो संकलनमा लागेका छन् । दसैंअघि माटो जम्मा गर्नसके दसैं मेलामा रमाउन र स-साना नानीको खानपिनको रहर पुऱ्याउन सहयोग पुग्ने गौशाला-१ रामनगरकी पवनवती महरा बताउँछिन् । मधेसका ग्रामीण बस्तीमा काठेघर बढी हुने र तिनका भित्ता बाँसका चोया र कर्चीबाट बन्ने हुँदा लिपपोत माटोले नै गरिन्छ । प्रत्येक वर्षको दसैंमा घर पोत्ने चलन छ । *रासस*

# निर्माणको दशकपछि बसपार्क सञ्चालन

**झापा–** नेपालको पूर्वीनाका काँकडभिट्टाको पूर्वाधारयुक्त बसपार्क निर्माणको एक दशकपछि मंगलबारबाट सञ्चालनमा आएको छ । काँकरभिट्टाको बस टर्मिनलको सवारी चाप र यातायातलाई व्यवस्थित गर्ने उद्देश्यले मेचीनगर नगरपालिका-७ को प्याराभिट्टामा बसपार्क निर्माण गरिएको थियो ।

दसैंको अवसर पारेर मंगलबार मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द बुढाथोकीले एक कार्यक्रमबीच बसपार्क सञ्चालनको विधिवत् रूपमा सुरुआत भएको घोषणा गरे । काँकरभिट्टाबाट लामो र छोटो दूरीका दैनिक ५०० बस सञ्चालन हुँदै आएका छन् । बजारको बीचमै रहेको दुईदशक पुरानो बस टर्मिनल अहिले साँघुरो भइसकेकाले खुल्ला र फराकिलो स्थानमा बनेको बसपार्कबाट सेवा थालिएको नगरप्रमुख बुढाथोकीको भनाइ छ ।

दशकौँपछिसम्मको आवश्यकतालाई दृष्टिगत गरी पूर्वीद्वार काँकडभिट्टाबाट एक किलोमिटर पश्चिमतर्फ राजमार्गकै छेउमा २०७० सालमा प्यारीभिट्टा बसपार्क निर्माण गरिएको थियो । डेढ सयदेखि २०० बस एकैपटकमा पार्किङ गर्न सक्ने क्षमताको नवनिर्मित प्यारीभिट्टा बसपार्क १० वर्षदेखि प्रयोगविहीन बनेको थियो ।

मेचीनगर नगरपालिकाले आन्तरिक स्रोतबाट तीन करोड ३६ लाख रूपैयाँ र नगर विकास कोषको ऋणबाट सात करोड ७७ लाख ७२ हजार रूपैयाँ जुटाएर संयुक्त लगानीमा प्यारीभिट्टा बसपार्क निर्माण गरेको थियो । बसपार्क बनाउन स्थानीय शिवकुमार थापा, ध्रुव शिवाकोटीलगायत १२ जनाले पाँच विगाहा चार कठ्ठा जग्गा नगरपालिकालाई निःशुल्क प्रदान गरेका थिए । वि.सं. २०६८ असार १९ गते शिलान्यास कार्यक्रम नगरी दमकको लामा मैनाचुली शिवशक्ति जेभीले बसपार्कको निर्माण कार्य थालनी गरेको थियो । दुई वर्षपछि निर्माण सम्पन्न सो बसपार्कको औपचारिक उद्घाटन २०७४ भदौ १५ गते तत्कालीन नगरप्रमुख विमल आचार्य र संस्थापक नगरप्रमुख रवीन कोइरालाले संयुक्तरूपमा गरेका थिए ।

निर्माण भएको चार वर्षपछि उद्घाटन भएको बसपार्क बल्ल १० वर्ष बित्दा सञ्चालनमा आएको जग्गादाता शिवकुमार थापाले बताए । सुरक्षा बन्दोबस्तका लागि आवास भवनसहितको प्रहरी पोस्ट पनि बसपार्कमा निर्माण गरिएको छ । रात्रिकालीन उज्यालोका लागि विद्युत् र सौर्य बत्तीको पर्याप्त व्यवस्थाका साथै खानेपानी र शौचालयकोसमेत व्यवस्था मिलाइएको छ । राजमार्गबाट बसपार्क जोड्ने पहुँचमार्गलाई कालोपत्र गरिएको छ । *रासस*

दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुनछहरी गाउँपालिकाको अनुरोध !
- सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।

धनबहादुर पुन मगर, अध्यक्ष | लालसिंह खड्का, प्रमुख प्रशासकीय अधिकृत | ननकला घर्ती, उपाध्यक्ष
सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com

दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
थबाङ गाउँपालिकाको अनुरोध !
- सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।

ऋषिकेशव बुढामगर, अध्यक्ष | हेमराज घर्ती मगर, प्रमुख प्रशासकीय अधिकृत | सर्मिला बुढामगर, उपाध्यक्ष
थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

बडा दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Al Kausar Human Resource Pvt.Ltd.
(Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
White Horse International Pvt. Ltd.
New Baneshwor, Kathmandu, Nepal,
Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
APPOLO OVERSEAS SERVICES (P) LTD
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com

दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
SES SHADA EMPLOYMENT SERVICES
SHADA EMPLOY ERVICES PVT.LTD.
KnC Nepal
Bhattishputali-09 Gausala arika Hotel Kathmandu Nepal
Phone: +977014565453, Fax No.: +977014465461
Email: info@shadaes.com.np/sesjobs4@gmail.com, website: shadaes.com.np

दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Chairman
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

नवरात्रको चौथो दिन

# कुष्माण्डा देवीको पूजा आराधना गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवरात्रको चौथो दिन दसैंघर वा पूजा कोठामा नौ दुर्गामध्येकी चौथो चन्द्रघण्टा देवीको विधिपूर्वक पूजा आराधना गरिँदै छ ।

प्रत्येक वर्ष आश्विन शुक्ल चतुर्थी अर्थात् दुर्गा पक्षको चौथो दिन कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिन्छ । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत लगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैं पर्व मनाउँछन् ।

आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीन तापलाई कुष्मा भनिन्छ । नवदुर्गामध्येकी चौथो देवी कुष्माण्डाले शरणमा आएका भक्तको तीनै ताप हरिदिने भएकैले यो नामाकरण भएको हो । कुष्माण्डाले सुराले भरिएका घडा तथा रगतयुक्त पात्र धारण गर्ने विभिन्न पुराणमा उल्लेख गरिएको छ ।

दुर्गा पक्षसमेत भनिने दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यीनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भनिन्छ ।

नवरात्रको पहिलो दिन आइतबार दसैंघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो । दोस्रो दिन सोमबार पूजा स्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन मंगलबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरिएको थियो ।

नवरात्रमा देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्छ । यस वर्ष काठमाडौं उपत्यकाका शक्तिपीठमा विशेषरूपमा सजाइएको छ । नक्साल भगवती, मैतीदेवी, कालिकास्थान, भद्रकालीलगायत शक्तिपीठमा दीपावली गरी झिलीमिली बनाएको देखिन्छ ।

# मनाङमा हिमपात

**मनाङ–** हिमाली जिल्ला मनाङमा सुरुआती हिमपात भएको छ । गत वर्ष यो समयमा हिमपात भएको थिएन । जिल्लाका माथिल्लो क्षेत्रमा हिमपात भएको मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले जानकारी दिए ।

'विगतमा हिमपात नहुँदा किसानलाई सकस भएको थियो, यस वर्ष समयमा नै सुरुआत भएको छ,' अध्यक्ष गुरुङले भने । उनका अनुसार तिलिचो ताल क्षेत्र, थोराङला भञ्ज्याङ, आइलेकलगायत माथिल्लो क्षेत्रमा हिमपात भएको छ । हिमपात हुन सुरु भएपछि स्थनीयवासीमा खुसियाली छाएको छ । समयमा हिमपात हुँदा किसानलाई फाइदा पुग्ने स्थानीय बताउँछन् ।

स्थानीय याङदुङ गुरुङले सयममा हिमपात हुँदा किसानमा खुसी छाएको बताए । 'हिमपात नहुँदा पानीको अभावले उत्पादन कम हुन्छ, यहाँ हिउँकै भरमा खेतीपाती हुने भएकाले अहिले सुरुआत भएको छ, यसले किसानलाई फाइदा हुन्छ,' उनले भने ।

हिमपात भएपछि याक, चौंरीलाई घाँस पनि राम्रोसँग पलाउने गुरुङले बताए । 'हिमपातको सुरुआत भएकाले मंसिरको पहिलो सातादेखि खर्कबाट याक, चौंरी बेसी झार्ने बेला भएको छ,' उनले भने । हिमाली जिल्लाका मानिसलाई त हिमपात भएपछि खुसी हुने गरेको उनले बताए ।

गत वर्ष हिमपात नहुँदा खेतीबालीलाई पानीको अभाव भएको थियो । यस वर्ष समयमा नै हिमपातको सुरुआत हुँदा उत्पादन बढ्ने अपेक्षा गरिएको छ । समयमा नै हिमपात भएपछि जमिनको तल्लो सतहसम्म पानीले भिज्ने र उत्पादन राम्रो हुने गुरुङले बताए ।

गुरुङले भने, 'पहिले पहिलेको तुलनामा अहिले हिमपात कम हुने गरेको छ, तर पनि समयमा परिदिए राम्रो हुने थियो, उत्पादन राम्रो हुने आशा लिएका छौं, यस वर्ष समयमा नै सुरु भएको छ ।' यहाँ उत्पादन हुने स्याउ, करु, जौ, फापर, आलुलगायतका बाली पानी पुग्ने हुन्छ । *रासस*

# मनसुन अवधिमा ९२ जनाको मृत्यु, ३० बेपत्ता

**काठमाडौं (प्रस)–** यसपालिको मनसुनका समयमा देशभर विपद्जन्य घटनाबाट ९२ जनाको मृत्यु भएको छ । ती घटनामा परेर ३० जना बेपत्ता भएका छन् भने १६८ घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुव खड्काले दिएको जानकारीअनुसार मनसुन अवधिमा सबैभन्दा बढी पहिरोका घटना भएको छ । प्राधिकरणले मंगलबार सिंहदरबारमा आयोजना गरेको पत्रकार भेटघाटका क्रममा उनले मनसुनका समयमा पहिरोका ४५९, बाढीका १४२, भारी वर्षाका १६८ र चटचाङका १२३ घटना भएको जानकारी दिए ।

यसपटक १३ दिन ढिला गरी मनसुन यही असोज २८ मा बाहिरिएको थियो भने एक दिन ढिला गरी गत जेठ ३१ मा भित्रिएको थियो । भित्रिँदा पनि नौ दिन ढिला गरी असार ८ गते देशभर फैलिएको थियो । यस वर्ष मनसुन १२४ दिन रहेको थियो । यसपटक मनसुनमा पूर्वानुमान गरेअनुसार नै कम वर्षा भए पनि ठाउँठाउँमा ठूलो क्षति हुनेगरी भारी वर्षासँगै बाढीपहिरो आएको थियो ।

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
आठबिस्कोट नगरपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल नगरपालिकामा जानकारी गराऔं ।
रवि के.सी. — नगर प्रमुख
मणिराज शाह — प्रमुख प्रशासकीय अधिकृत
धनकुमारी शाही — उप-प्रमुख
आठबिस्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सानीभेरी गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
बिर्खबहादुर विष्ट — अध्यक्ष
दिपक बुढाथोकी — प्रमुख प्रशासकीय अधिकृत
कमला रोका पुन — उपाध्यक्ष
सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शे-फोक्सुण्डो गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
धावा सम्डुक गुरुङ — अध्यक्ष
सुमन ढकाल — प्रमुख प्रशासकीय अधिकृत
पेम्मा वाङछेन गुरुङ — उपाध्यक्ष
शे-फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ-३, डोल्पा, कर्णाली प्रदेश, नेपाल

बडा दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
The Center Overseas Concern Pvt.Ltd
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

बडा दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line),
Fax: +977-1-4411950, Email: nocnepal@nassers.org

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Paradeshi Overseas Services Pvt. Ltd.
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
त्रिवेणी गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
गणेश कुमार के.सी. — अध्यक्ष
प्रेमबहादुर घर्ती — प्रमुख प्रशासकीय अधिकृत
रामकुमारी रेउले — उपाध्यक्ष
त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम), कर्णाली प्रदेश

दशैं
तिहार र छठ पर्वको
हार्दिक शुभकामना
नेपालीहरूको महान् पर्व बडादशैं, दिपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
परिवर्तन गाउँपालिकाको अनुरोध !
• सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
• घर नक्सा पास गरेर मात्र संरचना निर्माण गरौं ।
• व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
• सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नविकरण गरौं ।
• समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
• सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
• फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
• कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गाउँपालिकामा जानकारी गराऔं ।
सुकबहादुर बुढामगर — अध्यक्ष
प्रेम जि.एम. — प्रमुख प्रशासकीय अधिकृत
कलादेवी खत्रेनी — उपाध्यक्ष
परिवर्तन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

# दसैंको मुखमा प्रमुख प्रशासकीय अधिकृत हिँडेपछि...

**खोटाङ–** दिप्रुङ चुइचुम्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज रेग्मी विनाजानकारी घर हिँडेपछि दसैं अगाडि भुक्तानी गर्नुपर्ने कर्मचारीको तलब तथा निर्माण व्यवसायीको भुक्तानी रोकिएको छ ।

हालै सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत रेग्मी निमित्त नतोकी तथा विनाजानकारी सोमबार बिहानै घर हिँडेपछि सबै काम रोकिएको गाउँपालिकाका सूचना अधिकारी पिएसपी चाम्चिङले बताए । दसैं अगाडि भुक्तानी पाउनुपर्ने तलब भुक्तानी नै नगरी रेग्मी कार्यालय छाडेर घर हिँडेपछि अन्य कर्मचारी आक्रोशित बनेका छन् ।

विनाजानकारी कार्यालय छाडेर हिँडेका रेग्मीलाई २४ घण्टाभित्र कार्यालयमा हाजिर हुन निर्देशन दिएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिए । 'कर्मचारीले दसैं अगाडि पाउनुपर्ने तलब पाएका छैनन् । काम सम्पन्न गरेका निर्माण व्यवसायीको भुक्तानी दसैं अगाडि नै भुक्तानी गर्नुपर्ने छ । यति धेरै काम अलपत्र छाडेर विनाजानकारी प्रमुख प्रशासकीय अधिकृत रेग्मी हिँड्नुभएछ,' उनले भने, 'उहाँलाई सम्पर्क गरी २४ घण्टाभित्र कार्यालयमा हाजिर हुन निर्देशन दिएको छु । यो कुरा मन्त्रालयमा पनि जानकारी गराएको छु । हाजिर नभएको खण्डमा कानुनबमोजिम कारबाही हुन्छ ।'

प्रमुख प्रशासकीय अधिकृत रेग्मीले भने घरमा जरुरी काम परेकाले अचानक सोमबार बिहानै विराटनगरस्थित घर गएको बताएका छन् । 'आइतबार राति अबेरसम्म कार्यालयमा बसेर अधिकांश काम सम्पन्न गरेको छु । बाँकी रहेको केही काम यहींबाट गर्ने योजना बनाएको छु,' उनले भने, 'दसैं अगाडि फर्किने सम्भावना छैन । यहाँबाट सम्भव नहुने काम दसैंपछि कार्यालय गएर गर्छु ।'

दिप्रुङ चुइचुम्मा गाउँपालिकामा अहिलेसम्म भुक्तानीसम्बन्धी सम्पूर्ण काम चेकमार्फत गरिने भएकाले सबै कागजात प्रमुख प्रशासकीय अधिकृतको घर पुऱ्याउन नसकिने गाउँपालिकाले जनाएको छ । भुक्तानी तथा कुनै पनि कागजात बोकेर प्रमुख प्रशासकीय अधिकृत खोज्दै गाउँपालिकाको कार्यालयबाहिर नजान लेखापाल तथा अन्य कर्मचारीलाई भनिएको गाउँपालिका प्रमुख राईले जानकारी दिएका छन् । प्रमुख प्रशासकीय अधिकृत रेग्मी विनाजानकारी कार्यालय छाडेर हिँडेको थाहा पाएपछि सामाजिक सञ्जाल फेसबुकमा विभिन्न प्रतिक्रिया आइरहेका छन् । केहीले गाउँपालिका प्रमुख राईले फर्जी बिलको आधारमा चेक काट्न दबाब दिएपछि प्रमुख प्रशासकीय अधिकृत फरार भएको 'स्टाटस' लेखेका छन् ।

सामाजिक सञ्जालमा गाउँपालिका बारेमा टीकाटिप्पणी हुन थालेपछि गाउँपालिका प्रमुख राईले सोमबार राति नै विज्ञप्ति जारी गरी विनाप्रमाण भ्रमको खेती नगर्न/नगराउन अनुरोध गरेका छन् । प्रमुख प्रशासकीय अधिकृत सरोज रेग्मी विनाजानकारी असोज-२९ गते बिहानबाट बेपत्ता भएकाले उनको ज्यान सुरक्षाकोसमेत संयमतालाई मध्यनजर गर्दै खोजी कार्य भइरहेको विज्ञप्तिमा भनिएको छ ।

'सामाजिक सञ्जालमा विनाप्रमाण सिंगो गाउँपालिकाको मानमर्दन हुनेगरी दुष्प्रचार भइरहेको छ । केही व्यक्तिद्वारा गलत तथा कपोकल्पित, मनोमानी, स्वच्छाचारी र भ्रमपूर्ण ढंगबाट भएको दुष्प्रचारप्रति गाउँपालिकाको गम्भीर ध्यानाकार्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधानमा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुँदाहुँदै भ्रमपूर्ण सूचना प्रवाह नगर्न नगराउन अनुरोध छ ।' *रासस*

# मिथिलाञ्चलको घरआँगनमा गुञ्जँदै झिझियाको लोकभाका

**धनुषा–** 'तोहरे भरोसे बरहम बाबा झिझिरी बनेलियै हो बरहम बाबा झिझिया पर होइयौ ने सवार अबोधबा बालक तोहर किछियो ने जनैछौं हो...।'

दसैं सुरु भएसँगै जनकपुरधामसहित सम्पूर्ण मिथिलाञ्चलको घरआँगनमा अहिले यस्तै लोकभाकाका झिझियाका गीत गुञ्जिन थालेको छ । यतिबेला मधेस प्रदेशको राजधानी जनकपुरमा झिझियाको विशेष रौनक छाएको छ । यहाँका मठमन्दिरमा दसैंका लागि बनाइएका पन्डालमा साँझ महिलाले झिझिया नृत्य गर्दै रमाइलो गर्ने गरेका छन् ।

मिथिलाञ्चलको प्रसिद्ध लोकनृत्य झिझिया अहिले कुनै पनि सांस्कृतिक कार्यक्रममा अनिवार्य हुन थालेको छ । यो मिथिलाको तान्त्रिक अनुष्ठानको नृत्य भएको मान्यता छ ।

मैथिलीका साहित्यकार तथा वरिष्ठ पत्रकार रामभरोस कापडीले भने, 'दसैंका बेला बोक्सी (डाइन)ले मसान सिद्धि तथा तन्त्रमन्त्रका लागि अनुष्ठान गरी सर्वसाधारणको ज्यान लिन सक्ने खालको शक्ति प्राप्त गर्छन् । त्यसैले यस्तो शक्तिको प्रतिवाद गर्न अर्को तान्त्रिक अनुष्ठानका रूपमा यो नृत्य आयोजना गर्ने गरिएको जनविश्वास छ । घटस्थापनादेखि सुरु हुने झिझिया नृत्यको तयारी पनि विशेष हुन्छ ।'

झिझिया नृत्य प्रारम्भ गर्न पूर्वतयारी गर्नुपर्नेबारे जानकारी दिँदै उनले भने, 'एक वा दुईटा सफा घैंटो किनेर त्यसलाई सफासुग्घर गरी प्वालै प्वाल बनाइन्छ । घैंटोको मुखमा राखिएको ढकनामा मट्टितेल हालेर आगो सल्काइन्छ । त्यसपछि टाउकामा राखेर नृत्यका लागि झिझिया तयार हुन्छ तर टाउकामा राखी नृत्य गर्नपूर्व झिझियालाई कुनै गुणी ओझाबाट मन्त्रद्वारा सिद्ध पारिन्छ ।'

> बोक्सीको आँखा नलागोस् भनेर धामीद्वारा झिझियालाई मन्त्रसहित छेकबार गरिन्छ । यसरी मन्त्रिएपछि पाँचदेखि १५ जनासम्मका महिला टोलीमध्ये एक वा दुई महिलाले टाउकामा आगो बलिरहेको घैंटो राखेर हातको सहारा बिना नाच्दै ब्रह्मस्थानमा पुगेर सबैभन्दा पहिले पूजा गरेर नृत्य गर्ने गर्दछन् ।

बोक्सीको आँखा नलागोस् भनेर धामीद्वारा झिझियालाई मन्त्रसहित छेकबार गरिन्छ । यसरी मन्त्रिएपछि पाँचदेखि १५ जनासम्मका महिला टोलीमध्ये एक वा दुई महिलाले टाउकामा आगो बलिरहेको घैंटो राखेर हातको सहारा बिना नाच्दै ब्रह्मस्थानमा पुगेर सबैभन्दा पहिले पूजा गरेर नृत्य गर्ने गर्दछन् । ब्रह्मस्थानमा नृत्य गरेलगत्तै झिझिया औपचारिकरूपमा सुरु हुन्छ । त्यसपछि घरघरमा गएर नृत्य देखाउने परम्परा रहेको छ ।

क्षीरेश्वरनाथ नगरपालिका-६ नयाँटोलका पुरोहित इन्द्रकान्त झाका अनुसार झिझियामा भएको प्वाल तन्त्रमन्त्र गर्ने बोक्सी (डाइन)ले गन्न सफल भइहाले भने उनीहरू तन्त्र सिद्धि गरी निकै शक्तिशाली हुन सक्ने जनविश्वास छ । त्यसैले झिझिया टाउकामा राखेपछि महिला निरन्तर नाच्छन् । नाच सक्ने बित्तिकै दियो निभाएर झिझिया राख्ने गरिन्छ ।

मैथिली संस्कृतिका जानकार महेन्द्रनगरका रमापति चौधरीले भने, 'महिलाद्वारा नै सञ्चालन र संयोजन हुने यो नृत्य मिथिलाञ्चलमा पारिवारिक सुरक्षाका लागि लोक अनुष्ठानका रूपमा लिइन्छ । झिझिया नृत्य घटस्थापनादेखि सुरु भई दसैंभर प्रदर्शन गरिन्छ । गाउँघरमा झिझियामा १५-२० जनाको समूहले पारम्परिक वाद्यवादन ढोलक, झाइल, झामर लिएर गीत गाउँदै यो नृत्य गर्छन् ।'

प्रत्येकको घरघरमा गई सामूहिक नृत्य गर्ने र त्यहाँबाट घरधनीले कोसेलीस्वरूप पैसा वा चामल दाल सहयोग दिने चलन छ । झिझियालाई तन्त्रमन्त्र र जादुटुनाको प्रतिकात्मक मानिए पनि अहिले अन्धविश्वासभन्दा पनि सांस्कृतिक उत्थानका लागि यसको संरक्षण आवश्यक रहेको उनको भनाइ थियो ।

यो नृत्य सातौं शताब्दीदेखि सुरु भएको अनुमान गरिएको छ । झिझिया नृत्यको महत्त्वपूर्ण पक्ष यसको गीत हो । यस्तै गीतको धूनसँगै झिझिया नृत्य सुरु हुन्छ । अहिले यो नृत्य लोप हुँदै गएकाले मिथिला नाट्य कला परिषद्ले नेपाल भारतको विभिन्न ठाउँमा गरिने सांस्कृतिक कार्यक्रममा झिझियालाई विशेष प्रस्तुतिका रूपमा अगाडि बढाउँदै आएको छ ।

उक्त परिषद्ले केही वर्षयतादेखि पाँच सयभन्दा बढी झिझियाको नृत्य प्रदर्शन गरिसकेको छ । जनकपुरधामकै देवी चोकमा रहेका राजदेवी युवा क्लबले पनि दसैंको बेला प्रत्येक वर्ष झिझिया नृत्य प्रतियोगिताको आयोजना गर्ने गर्छ ।

दसैंकै बेला जनकपुरको राम युवा कमिटी, महावीर युवा कमिटी र रामानन्द युवा क्लबले पनि भजन सन्ध्यामा झिझियाको विशेष प्रस्तुत गर्ने गर्छ । *रासस*

# तीन महिनामा बाढीपहिरोमा परी पाँच जनाको मृत्यु

**बाजुरा (प्रस)–** जिल्लामा मौसम बदलीसँगै भएको दैवी विपत्तिमा विगत तीन महिनामा पाँच जनाको मृत्यु भएको छ ।

सोमबार जिल्ला प्रहरी कार्यालयले आयोजना गरेको नागरिक सुनुवाइ कार्यक्रममा प्रहरी नायब उपरीक्षक कविन्द्रसिं बोहराले सार्वजनिक गरेको विवरणअनुसार बाढी र पहिरोमा परेर दुई जनाको मृत्यु भएको थियो भने चटचाङ लागेर, लेक लागेर र करेन्ट लागेर एक-एक जनाको मृत्यु भएको थियो ।

यसैगरी बाढी र पहिरोमा परी एकजना बेपत्ता हुनाका साथै तीन पशुचौपाया र ३० जंगली जनावरको मृत्यु भएको थियो । बाढीपहिरो र चटचाङ लागेर एक पशुचौपाया घाइते भएको प्रहरी निरीक्षक दानसिं भण्डारीले जानकारी दिए । जिल्लाको धार्मिक तथा पर्यटकीय क्षेत्र बडीमालिकामा दर्शनका लागि गएका दुई तीर्थयात्री लेक लागेर घाइते भएका थिए । महिला हिंसाका आठवटा उजुरी परेकामा सातवटाको सुनुवाइ भइसकेको छ । प्राप्त निवेदनअनुसार ज्येष्ठ नागरिक, महिला, बालबालिका गरी ११ जना हराएकामा छ जना फेला पारेको र पाँचजना अझै बेपत्ता भएकाले खोजी जारी रहेको प्रहरीले जनाएको छ । नागरिक सुनुवाइ कार्यक्रममा प्रहरी चौकी स्थापनाको माग भएर आए पनि जनशक्ति अभावका कारण चौकी स्थापना हुन सकेका छैनन् । स्थापना भएर सञ्चालन भएका प्रहरी चौकीहरू पनि जग्गा अभावका कारण भाडाका घरमा बसेर नागरिकलाई शान्ति सुरक्षा दिँदै आएको प्रहरी नायब उपरीक्षक बोहराले बताए ।


## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०१/०५ मा दर्ता भएको आर. मल्टि प्रोडक्ट्स प्रा.लि. (दर्ता नं. १८७८८०) को मिति २०८०/०६/३० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११२०६६**



## कार्यक्रमको नाम परिवर्तन सम्बन्धमा दाबी विरोध गर्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/०१)

मिति २०८०/०६/१२ को सञ्चालक समितिको निर्णय बमोजिम पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि. (प्रा.लि. नं. १०६३६५/०६९/०७०) र यस अन्तर्गत सञ्चालित संस्था, पाटन कलेज फर प्रोफेशनल स्टडिजमा हाल संचालनमा रहेका कार्यक्रमहरु विश्वविद्यालय (University of Bedfordshire) ले B. Sc (Hons.) Computer Science & Software Engineering को कार्यक्रम B. Sc (Hons.) Computer Science मा परीवर्तन गर्ने भएकोले सो अनुसार यस कलेजमा सोही अनुसार परिवर्तन गर्ने निर्णय भई प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचना साथ अनुरोध गरिन्छ ।

**पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि.**
ल.म.न.पा, वडा नम्बर १०, कुपण्डोल, ललितपुर । फोन नं. :०१५१८१०३३



## SANVI€Nergy सान्भि इनर्जी लिमिटेड

### चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस सान्भि इर्नजी लिमिटेडको संचालक समितिको मिति २०८०/०६/३० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम बोलाईएको कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । यस सम्बन्धी सूचना कम्पनीको वेबसाईट www.sanvienergy.com मा समेत प्रकाशन गरिएको छ । यसैलाई सूचना मानी चौथो वार्षिक साधारण सभाको कार्यक्रममा सहभागी हुनका लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा बस्ने मिति, समय र स्थान :**
**मिति** : २०८० साल कात्तिक २३ गते (तदनुसार ९ नोभेम्बर, २०२३)
**समय** : बिहान ११:०० बजे, उपस्थिति पुस्तिका बिहान १०:३० बजे देखि नै खुल्ला राखिने छ ।
**स्थान** : कम्पनीको कार्यालय, लाजिम्पाट-२, काठमाडौं ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरुः**

**क. सामान्य प्रस्तावः**

१. आ.व. २०७९/०८० को साधारण सभामा प्रस्तुत हुने संचालक समितिका अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तीय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको संचालक समितिको सिफारिश बमोजिम आ.व. २०७९/०८० को संचित मुनाफाबाट कम्पनीको कायम चुक्ता पुँजी रु.५०,१०,००,०००/- को ५.२५% (कर समेत) ले हुन आउने रकम रु.२,६३,०२,५००/- (अक्षरुपी दुई करोड त्रिसठ्ठी लाख दुई हजार पाँच सय मात्र) यस कम्पनीका शेयरधनीहरुलाई नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावः**

१. कम्पनीको नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
२. माथि विशेष प्रस्ताव अर्न्तगतको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**ग. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१. कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख रहेको पछिल्लो शेयर लगतको आधारमा शेयरधनीको रेकर्ड कायम गरिनेछ ।
२. सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ र सो दिन हाजिरपुस्तिका बिहान १०:३० बजे देखि खुल्ला हुनेछ ।
३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको कागज प्रमाण प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाईनेछ ।
४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाट - २, काठमाडौंमा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर वा कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीहरुलाई प्रतिनिधि बनाई नियूक्त गरिदिईएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः खारेज हुनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदरगरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाट -२, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।
७. सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्न आवश्यकतानुरुप सुरक्षा जाँच गर्नसक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।
८. साधारण सभा सम्बन्धी अन्य सम्पूर्ण काम कारवाहीहरु कम्पनीको प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।
९. सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ । तथा साधारण सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, लाजिम्पाट-२, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## शुभकालिका गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

सुकाटिया, कालीकोट
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतको आशयपत्र जारी गरिएको बारे सूचना

प्रकाशित मितिः २०८०/०७/०१

यस शुभकालिका गाउँपालिकाबाट आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार भ-दष्म मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | खरिद कार्यको विवरण | छनोट भएको बोलपत्रदाता | कबोल रकम रु.(मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1. | SRM/KKT/W/NCB/02/2080-2081 | Chhati Chhelahanna Rarakatiya Sukatiya Haudi to Kimedikhan Rural Road Construction Work (Section-1, Bhartaghat to Rarakatiya Section) | Krishna Nirman Sewa Kalikot erbhupen19@gmail.com phone number 9851112516 | 66,20,293.46/- |

**निमित्त प्रमुख प्रशासकिय अधिकृत**

# 'प्रिय मित्र' सि लाई भेट्न पुटिन चीनमा

**बेइजिङ–** इजरायल-हमास युद्धले ओझेलमा परेको बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) शिखर सम्मेलनमा आपसी सम्बन्धलाई बलियो बनाउन तथा आफ्ना 'प्रिय मित्र' चिनियाँ राष्ट्रपति सि चिनफिङलाई भेट्न मंगलबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिन चीन आइपुगेका छन् ।

चीनले यसै साता राष्ट्रपति सिको व्यापार तथा पूर्वाधार बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई)को शिखर सम्मेलनमा भाग लिन आउने १३० देशका प्रतिनिधिहरूलाई स्वागत गरेको छ । अतिथिको शीर्ष सूचीमा पुटिन छन् । युक्रेनमाथि रुसको आक्रमणले आफ्नो शासन अन्तर्राष्ट्रियरूपमा एक्लिएपछि प्रमुख विश्व शक्तिका रूपमा पुटिनको यो पहिलो विदेश भ्रमण हो ।

क्रेमलिनका अनुसार बिआरआई फोरमका क्रममा उनले चिनियाँ राष्ट्रपति सिसँग भेटवार्ता गर्नेछन् । इजरायल र प्यालेस्टिनी लडाकु समूह हमासबीचको युद्ध सुरु भएपछि बिआरआई शिखर सम्मेलनलाई छायाँमा पारेको छ ।

'वार्ताका क्रममा अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दाहरूलाई विशेष ध्यान दिइने छ,' क्रेमलिनले एक विज्ञप्तिमा भनेको छ । यही अक्टोबर ७ मा इजरायलको इतिहासमै हमासले घातक हमला गरेपछि अमेरिकाको नेतृत्वमा पश्चिमा मुलुकहरूले इजरायलको पक्षमा आफ्नो उपस्थिति देखाउँदै आएका छन् । हमासले गरेको उक्त आक्रमण अधिकांश सर्वसाधारणसहित एक हजार ४०० भन्दा बढीको मृत्यु भएको थियो ।

अमेरिकाले चीनलाई आफ्नो 'प्रभाव' प्रयोग गरेर युद्धलाई घटाउन आग्रह गरेको छ । हमासको आक्रमणको बदला लिन गाजापट्टीमा बमबारी सुरु गरेपछि १० लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छोडेर भागेका छन् ।

यसै वर्षको सुरुमा चीनले पूर्व क्षेत्री शत्रुहरू इरान र साउदी अरेबियाबीच मध्यस्थता गरेको थियो । साथै इजरायल-हमास द्वन्द्वको युद्धविराम गर्न र शान्ति वार्तालाई अघि बढाउन विशेष दूत झाई जुनले यसै साता मध्यपूर्व पठाएको छ । यद्यपि चीनको सरकारी प्रसारक संस्था सिसिटिभीले मध्यपूर्वको झाईले कुन मुलुकको भ्रमण गर्ने हो भन्ने केही उल्लेख गरेको छैन ।

परम्परागतरूपमा इजरायल र प्यालेस्टिनी अधिकारीहरूसँग राम्रो सम्बन्ध राखेको रुसले तत्काल युद्धविरामका लागि आह्वान गरेको छ । बेइजिङमा रुसी राष्ट्रपति पुटिन चीनसँग पहिलेदेखि मजबुत भएको सम्बन्धलाई अझ बलियो बनाउने अभियानमा छन् तर विज्ञहरूका अनुसार चीनसँगको सम्बन्धमा मस्को तीव्ररूपमा सानो साझेदार बनिरहेको छ ।

चीन रुसको सबैभन्दा व्यापारिक साझेदार मुलुक हो । गत वर्ष यी दुई मुलुकबीचको व्यापार एक खर्ब ९० अर्ब डलर पुगेको बेइजिङ भन्सार तथ्यांकले देखाएको छ । युक्रेन युद्धमा बेइजिङको धारणाप्रति पश्चिमा मुलुकहरूले चीनको आलोचना गर्दै आएका छन् । रुसले युक्रेनमाथि आक्रमण गरेकामा चीनले मस्कोको आलोचना गर्न अस्वीकार गरेको छ र आफू यस मामिलामा तटस्थ रहेको बताउँदै आएको छ ।

बिआरआईले पुटिन र सिलाई उनीहरूको गठबन्धनलाई प्रदर्शन गर्ने नयाँ अवसर दिए पनि विज्ञहरूले दुई मुलुकबीच कुनै नयाँ ठूलो सम्झौताको घोषणा नहुने अपेक्षा गरेका छन् । 'चीनले उच्च प्रचारका लागि कुनै पनि सम्झौतामा हस्ताक्षर गर्न मान्ने छैन भन्ने रुसलाई थाहा छ,' कार्नेगी रसिया युरेसिया सेन्टरका निर्देशक अलेक्जेण्डर गाबेयेभले भने, 'सबै कार्ड चीनको हातमा छ ।'

**'साथीहरूको पुनर्मिलन'**

चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार चिनियाँ राष्ट्रपति सिले चिलीका राष्ट्रपति ग्याब्रियल बोरिक र कजाकस्तानका राष्ट्रपति कासिम-जोमर्ट टोकायेभसँग भेटवार्ता गरेर मंगलबार बिआरआई फोरमको सुरुआत गरेका थिए ।

शिखर सम्मेलन सुरु हुनुभन्दा अघि चीन र रुसका उच्च कूटनीतिज्ञहरूले सोमबार बेइजिङमा भेट गर्दा एउटै गीत गाएका थिए । मस्कोका अनुसार पुटिनलाई शिखर सम्मेलनको 'प्रमुख अतिथि'का रूपमा आमन्त्रित गरेकामा रुसी विदेशमन्त्री सर्गेई लाभरोभले चीनलाई धन्यवाद दिएका थिए । पुटिनले चीनपछि उत्तर कोरियाको भ्रमण गर्ने जनाइएको छ ।

आफ्ना चिनियाँ समकक्षी वाङ यीसँगको भेटमा रुसी विदेशमन्त्री लाभरोभले पुटिन र सिले यसै हप्ता भेट हुँदा दुई मुलुकबीच 'सम्पूर्णरूपमा' छलफल गर्ने बताए । जवाफमा वाङले बिआरआईमा रुसको समर्थनप्रति 'आभार' प्रकट गरे ।
*रासस/एएफपी*

# इजरायल र हमासबीच युद्धविरामको रूसी प्रस्ताव सुरक्षा परिषद्मा अस्वीकृत

**न्युयोर्क–** मानवीय आधारमा इजरायल र हमासबीच युद्धविराम गर्ने रुसी प्रस्तावलाई संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले अस्वीकार गरेको छ । युद्धविराम गर्ने रुसी प्रस्ताव पारित हुन आवश्यक न्यूनतम मत प्राप्त हुन नसकेपछि प्रस्ताव अस्वीकृत भएको हो ।

रुसले परिषद्मा गाजामा मानवीय आधारमा युद्धविराम गर्नुपर्ने प्रस्ताव पेस गरेको थियो । उक्त प्रस्तावको पक्षमा चीन, ग्याबोन, मोजाम्बिक, रुस र संयुक्त अरब इमिरेट्सले समर्थन गरेका थिए । सोमबार भएको मतदानमा संयुक्त अधिराज्य, अमेरिका, फ्रान्स र जापानले विपक्षमा मतदान गरेका थिए ।

इजरायलमाथि हमासले गरेको आक्रमणप्रति रुसी प्रस्तावले हमासको आलोचना नगरेको भन्दै फ्रान्स, अमेरिका र संयुक्त अधिराज्यले प्रस्तावको विपक्षमा मतदान गरेका थिए । छ मुलुक अल्बानिया, ब्राजिल, इक्वेडर, घाना, माल्टा र स्विट्रल्यान्डले मतदानमा भाग लिएनन् । रुसी प्रस्ताव अघि बढ्नका लागि उक्त प्रस्तावको पक्षमा नौ मत आवश्यक थियो ।

संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले रुसले इजरायलमाथि हमासको आक्रमणलाई उपेक्षा गरेको र पीडितहरूको अपमान गरेको भन्दै अमेरिकाले रुसको प्रस्तावलाई समर्थन गर्न नसक्ने बताए ।

'हमासको आलोचना नगरेर रुसले आतंकवादी समूहलाई आश्रय दिइरहेको छ जसले निर्दोष सर्वसाधारणप्रति अत्याचार गरेको छ, यो अपमानजनक, कपटपूर्ण र अक्षम्य छ,' उनले भने । रासस/एएनआई


## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PILOT CONSTRUCTION SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०६/३० | LT. No. : 294047 | चलानी नं. ६०२०९१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : UNITED ENTERPRISES CO. L.L.C.
पूर्व स्वीकृति मिति २०८०/०६/३० | LT. No. : 294046 | चलानी नं. ६०२०९१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | 0 | 1400 | ५१,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ८ गते (25th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
